४३औं बैठक

आज मिति २०७५ साल असोज २४ गते बुधबारका दिन विहान ७:३० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

श्री देवेन्द्र दाहाल (प्र.नि.)

श्री दीपक सापकोटा (प्रि.अ.हे.व. (हेल्थ))

श्री ~~[illegible]~~ कनक कु. खुलाल (कृ.अ.)

श्री निर्मला आचार्य (स्वास्थ्य)

श्री कमल प्र. भट्टराई (लेखापाल)

## प्रस्ताव नं. १. भिटौरी कर सम्वन्धमा

निर्णय नं. १. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुधबारे बजारस्थित साप्ताहिक बजारमा भिटौरी कर संकलनका लागि गाउँ कार्यपालिका कार्यालयबाट संभव नहुने हुंदा बजार व्यवस्थापन समितिसंग समन्वय गरी के कति दररेटमा कति रकममा ठेक्का लगाउन सकिन्छ सो सम्वन्धी राय ३ दिन भित्रमा गाउँकार्यपालिकामा पेश गर्न निम्नानुसारको कार्यदल वनाउने निर्णय गरियो।

कार्यदलः-

संयोजक - श्री भिम कुमार नेवार वडाध्यक्ष वडा नं. १

सदस्य – श्री कमल प्रसाद उप्रेती वडाध्यक्ष वडा नं. ३

सदस्य - श्री दिलिप श्रेष्ठ वडाध्यक्ष वडा नं. २

सदस्य - श्री यमुना चापागाई गा. का. पा. सदस्य

सदस्य – श्री भगवती शर्मा न्यौपाने गा. का. पा. सदस्य

## प्रस्ताव नं. २. ब्यवसाय कर सम्बन्धमा

निर्णय नं. २ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस वुद्धशान्ति गा.पा.अन्तर्गत संचालनमा रहेका सवै किसिमका व्यवसाय दर्ता कर संकलन, नवीकरण समेतलाई व्यवस्थित बनाउन वडा कार्यालय र गाउँपालिकाको कार्यालय वीच समन्वय गरी कार्य संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३. सीता रमेश बहुमुखी क्याम्पसको निवेदन सम्वन्धमा

निर्णय नं. ३ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा सीतारमेश वहुमुखी क्याम्पसवाट प्राप्त निवेदनमा रु ६ लाख पेश्की माग भई आएकोमा सामाजिक विकास समितिको प्रतिवेदन प्राप्त भएपछि निर्णय गरी उपलब्ध गराउने निर्णय गरियो।

## प्रस्ताव नं. ४. सामाजिक सुरक्षा कार्यक्रम संचालन सम्बन्धमा

निर्णय नं. ४. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ लाभग्राहीको अभिलेख सम्वन्धी व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो।

Scanned by CamScanner

**प्रस्ताव नं. ५.व्यक्तिगत घटना दर्ता सम्बन्धमा**

निर्णय नं. ५. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा व्यक्तिगत घटना दर्ता सम्बन्धी संशोधन कार्यान्वयनको लागि सबै वडा कार्यालयलाई पठाई सोही संशोधन वमोजिम हुने गरी कार्यान्वयन गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ६. चाडपर्व खर्च सम्बन्धमा:-**

निर्णय नं. ६. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा गाउँ कार्यपालिकाका सवै पदाधिकारी साथै वडा सदस्यहरु समेतलाई जनही रु १०,०००।– का दरले चाडपर्व खर्च उपलब्ध गराउन "पदाधिकारी अन्य सुविधा" शिर्षकवाट खर्च लेख्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७. IT अफिसरको थप सुबिधा सम्बन्धमा**

निर्णय नं. ७. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम (LGCDP) को च.नं. ४७७ मिति २०७५\३\२४ को परिपत्र अनुसार IT अफिसरको सेवा सुबिधा यस गाउँपालिकाको तर्फबाट २५% रकम व्यवस्था गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८. बुधबारे स्वास्थ्य चौकीमा अ.हे.ब को बैकल्पिक ब्यवस्था सम्बन्धमा**

निर्णय नं. ८. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुधबारे स्वास्थ्य चौकीमा कार्यरत अ.हे.ब. श्री साबित्रा देबी सुबेदी लामो समयसम्म सुत्केरी विदामा बस्ने हुंदा निज विदामा बसेको अवधिमा बढीमा ३ महिनाका लागि मासिक रु १२,०००।– सेवा सुबिधा उपलब्ध गराउने गरी एक दक्ष अ.हे.ब. \ हे.अ. नियुक्ती गरी कामकाज गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ९. स्टाफ नर्सको व्यवस्था गर्ने सम्बन्धमा**

निर्णय नं. ९. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गा.पा. अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरुमा घुम्ती सेवाको रुपमा भिडियो एक्सरे सेवा संचालनको लागि दक्ष स्टाफ नर्सको व्यवस्था गर्ने निर्णय गरियो।

Scanned by CamScanner

## प्रस्ताव नं. १०. रकम उपलब्ध गराउने सम्बन्धमा:-

निर्णय नं. १०. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा धिमाल जाति विकास केन्द्र,नेपाल तदर्थ गाउँ टोल समिति, बुद्धशान्ति-३ बाट आयोजना हुने फूटवल प्रतियोगिता संचालनका लागि रु २५,०००।-, वडा नं. ७ मा संचालन भएको धारागोला गोल्डकप फूटवल प्रतियोगिताको लागि खेल मैदान मर्मत संचालनका लागि रू ७०,०००।– रकम उपलब्ध गराउने निर्णय गरियो साथै वडा नं. ५ लाई खेलकुद कार्यक्रमका लागि उपलब्ध गराइएको रकम रू ~~१०००००~~ १८५००।– अनुमोदन गर्ने निर्णय गरियो।

## प्रस्ताव नं. ११. निर्णय संशोधन सम्बन्धमा:-

निर्णय नं. ११. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँकार्यपालिकाको वयालिसौं वैठकको निर्णय नं. २ अनुसार नदीजन्य पदार्थ उत्खनन् वाट प्राप्त हुने राजस्व संकलन गर्ने व्यक्तिलाई १५% उपलव्ध गराउने निर्णय भएकोमा उक्त रकम संशोधन गरी २५% रकम उपलव्ध गराउने निर्णय गरियो।

## प्रस्ताव नं. १२. नमुना प्रा.वि.को विवाद समाधान सम्बन्धमा:-

निर्णय नं. १२. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा नमुना प्रा.वि.को विवाद समाधानको लागि तत्काल सम्वन्धित विद्यालयका प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई गाउँकार्यपालिकामा वोलाई उपाध्यक्ष, सामाजिक विकास समितिका संयोजक, प्र.प्र.अ. वडा नं. ४ का वडाध्यक्ष समेत वसी छलफल गरी समस्या समाधानको प्रयास गर्ने निर्णय गरियो।

## प्रस्ताव नं. १३. पूर्वाधार सेवाशुल्क उठाउने सम्बन्धमा:-

निर्णय नं. १३. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा. र वडा कार्यालयहरु समेतको संयोजनमा २०७५ कार्तिक १५ गतेदेखि तोकिएको दररेटमा पूर्वाधार सेवाशुल्क उठाउने निर्णय गरियो।

## प्रस्ताव नं. १४. तारजाली सम्बन्धमा:-

निर्णय नं. १४. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गा.पा. अन्तर्गत सवै वडाहरुमा आवश्यक पर्ने तारजाली कोटेशन मार्फत खरिद गरी आवश्यकता अनुसार उपलब्ध गराउने निर्णय गरियो।

आगामी वैठक मिति २०७५\६\२६ गते विहान ७.३० बजे बस्ने गरी अध्यक्षज्यू बाट आजको वैठक समापन गरियो।

Scanned by CamScanner

चौवालीसौं बैठक

आज मिति २०७५ साल असोज २६ गते शुक्रबारका दिन विहान ७:३० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

१. श्री रमेशकुमार भुजेल (गाउँपालिका अध्यक्ष)
२. श्री मिरा भुर्तेल (गाउँपालिका उपाध्यक्ष)
३. श्री भीमकुमार नेवार (वडाध्यक्ष वडा नं. १)
४. श्री दिलीप श्रेष्ठ (वडाध्यक्ष वडा नं. २)
५. श्री कमलप्रसाद उप्रेती (वडाध्यक्ष वडा नं. ३)
६. श्री बुद्धिमान लिम्बु (वडाध्यक्ष वडा नं. ४)
७. श्री बासुदेव खतिवडा (वडाध्यक्ष वडा नं. ५)
८. श्री शम्भुप्रसाद पौडेल (वडाध्यक्ष वडा नं. ६)
९. श्री मात्रिकाप्रसाद पौडेल (वडाध्यक्ष वडा नं. ७)
१०. श्री यमुना चापागाईं (गा.का.पा. सदस्य)
११. श्री भगवती शर्मा खतिवडा (गा.का.पा. सदस्य)
१२. श्री दुर्गादेवी ढुंगेल पोखरेल (गा.का.पा. सदस्य)
१३. श्री रितादेवी बराल (गा.का.पा. सदस्य)
१४. श्री रोहित तोलाङ्गी (गा.का.पा. सदस्य)
१५. श्री गणेश धिमाल (गा.का.पा. सदस्य)
१६. श्री छविलाल खतिवडा (प्रमुख प्रशासकीय अधिकृत)

**आमन्त्रित**

श्री देवेन्द्र दाहाल प्र.सु.
श्री ~~[illegible]~~ कुमार खुलाल ले.अ.
श्री- निर्मला आचार्य खरिदार
श्री कमल प्र. भट्टराई लो.पा.
श्री- परशुराम ढकाल (ई.ई.-प्रा.)

Scanned by CamScanner

**प्रस्ताव नं. १.भिटौरी कर सम्बन्धमाः-**

निर्णय नं. १. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा. अन्तर्गत बुधबारे बजारमा सामाहिक हाटमा पसल व्यवसाय संचालन गर्ने व्यापारीबाट तपशिल अनुसारको वार्षिक भिटौरी कर उठाउन सकिने भनी त्रिचालिसौं बैठकबाट गठित कार्यदलबाट प्राप्त सुझावको आधारमा सोही दररेटमा वार्षिक भिटौरी कर उठाउने निर्णय गरियो।

तपशिलः-

१. टहरामा पसल संचालन गर्नेलाई प्रतिफुट - रू १००।-
२. बाहिर खुल्ला ठाउँमा पसल संचालन गर्नेलाई प्रतिफुट
   क. नेपाली व्यापारीलाई – रू ४०।-
   ख. भारतीय व्यापारीलाई – रू ५०।-

साथै उपरोक्तानुसार प्राप्त हुने भिटौरी कर संकलनको लागि स्थानीय उद्योग वाणिज्य संघ र बजार व्यवस्थापन समितिलाई जिम्मेवारी दिने र संकलित रकमको २५% सम्बन्धित संस्थालाई उपलब्ध गराउने समेत निर्णय गरियो।

**प्रस्ताव नं.२. सितारमेश क्याम्पसलाई रकम उपलब्ध गराउने सम्बन्धमाः-**

निर्णय नं. २. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा सितारमेश क्याम्पसको भौतिक निर्माणको कार्य सम्पन्न गर्नका लागि सामाजिक विकास समितिको प्रतिवेदन प्राप्त भएपछि सोही अनुसार हुने गरी हाललाई रू ८०००००।–(आठ लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं.३. होक्से स्तम्भ निर्माणमा रकम थप सम्बन्धमाः-**

निर्णय नं. ३. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुद्धशान्ति १ होक्सेमा निर्माणाधिन होक्से स्तम्भ निर्माण कार्यका लागि कोषबाट १५००००।– (एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं.४. कलर प्रिन्टर खरिद गर्ने सम्बन्धमाः-**

निर्णय नं. ४. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गा.पा. अन्तर्गतका ४,५,६,७ नं. वडा कार्यालयका लागि पंजीकरण प्रयोजनमा प्रयोग हुने दर्ता प्रमाण पत्र प्रिन्ट गर्नका लागि कलर प्रिन्टर आवश्यक पर्ने भएकोले उक्त कार्यको लागि ४ थान कलर प्रिन्टर खरिद गर्ने निर्णय गरियो।

Scanned by CamScanner

पैंतालीसौं बैठक

आज मिति २०७५ साल असोज २८ गते आइतवारका दिन दिउसो ३:३० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल (अनुपस्थित) | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

श्री देवेन्द्र दाहाल (नि.पु.)

श्री निर्मला आचार्य (स्वास्थ्य)

श्री कमल प्र. भट्टराई (लेखापाल)

Scanned by CamScanner

## प्रस्ताव नं. १.टिमाई र निन्दा नदी उत्खनन् ठेक्का प्रक्रिया सम्बन्धमाः-

निर्णय नं. १. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा. र मेचीनगर न.पा. को सिमाना भई बग्ने टिमाई र निन्दा खोलाको ढुंगा, गिटि, बालुवा उत्खनन् गर्ने सम्पुर्ण ठेक्का अंकको प्रशासनिक खर्च कटाई ५०% रकम यस गाउँपालिकालाई बुझाउने गरी ठेक्का प्रक्रिया अघि बढाउन मेचीनगर नगरपालिकालाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो। साथै उक्त नदीहरुको उत्खनन् गर्दा IEE प्रतिबेदन अनुसारका स्थानहरुमा नियमानुसार उत्खनन् भएनभएको बारेमा पछि छुट्टै अनुगमन समिति गठन गर्ने समेत निर्णय गरियो।

## प्रस्ताव नं. २.बहाल बिटौरी कर असुली सम्बन्धमाः-

निर्णय नं. २. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बहाल बिटौरी कर असुली संयोजन गर्न देहाय बमोजिमको समिति गठन गरी कार्यलयको तर्फबाट असुली गर्ने निर्णय गरियो ।

देहायः

संयोजक – श्री भिम कुमार नेवार वडाध्यक्ष वडा नं. १

सदस्य - २ देखि ७ नं. वडाका वडाध्यक्षज्यूहरु

सदस्य – कार्यपालिकाका सबै सदस्यहरु ६ जना

साथै साप्ताहिक बुधबारे हाटमा बहाल बिटौरी कर २०७५\७\७ का दिन सबै सदस्य, कर्मचारीसमेतको उपस्थितिमा असुली गर्ने समेत निर्णय गरियो।

अन्त्यमा धन्यवाद सहित अध्यक्ष ज्यूबाट आजको बैठक समापन गरियो ।

Scanned by CamScanner

द्.था.नो.सं. ५ बैठक

आज मिति २०७५ साल कार्तिक ३० गते शुक्रबारका दिन विहान ७:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) | |
| २. श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) | |
| ३. श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) | |
| ४. श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) | |
| ५. श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) | |
| ६. श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) | |
| ७. श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) | |
| ८. श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) | |
| ९. श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) | |
| १०. श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) | |
| ११. श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) | |
| १२. श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) | |
| १३. श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) | |
| १४. श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) | |
| १५. श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) | |
| १६. श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) | |

**आमन्त्रित**

श्री देवेन्द्र दाहाल (नि.सु.)

श्री कमल प्र. भट्टराई (ले.पा.)

श्री दीपक सापकोटा (अ.हे.व. ई.ई.)

Scanned by CamScanner

प्रश्ताव नं. १ :- आर्थिक सहायता सम्वन्धमा

निर्णय : प्रश्तुत प्रश्ताव उपर छलफल गर्दा तपशिल अनुसारका संघ संस्थाहरुलाई तपशिल वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

(क) ठूटेबर संरक्षण तथा विकास समितिलाइ ठुटेबर मेला संचालनका लागी मेला समाप्त भएको ७ (सात) दिन भित्रमा आय व्याय विवरण सार्वजनिक गरी गाउँपालिकामा समेत बुझाउने सर्तमा "बुद्धशान्ति मेला" शिर्षक बाट रु १,००,०००। (एकलाख मात्र) उपलब्ध गराउने ।

(ख) सीता रमेश वहुमुखी क्याम्पसका स्नातक तह चौथो वर्षका विद्यार्थीहरुलाई शैक्षिक भ्रमणको लागी रु १५,०००। (पन्ध्र हजार मात्र) उपलब्ध गराउने ।

(ग) वडा नं.३ स्थित ङ्गिजे वाङ्छूयू जिक्तेन बौद्ध गुम्वालाई गेट,चौकट,पल्ला निर्माणको लागी रु ५०,०००।(पचास हजार मात्र)उपलब्ध गराउने ।

प्रश्ताव नं २ : योजना संचालन कार्यतालिका सम्वन्धमा

निर्णय : प्रश्तुत प्रश्ताब उपर छलफल गर्दा यस आ.व.मा यस गाउँपालिकामा संचालन हुने सबै योजनाहरु संचालन गर्नका लागी तपशिल अनुसारको कार्यतालिका वमोजिम कार्य गर्ने निर्णय गरियो।

योजना सञ्चालन कार्यतालिका

| क्रसं. | कार्ययोजना | समय | | जिम्मेवारी |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | उपभोक्ता समिति गठन | ०१/०५/२०७५ | ३१/०५/२०७५ | वडा समिति |
| २ | उपभोक्ता समितिका पदाधिकारी अभिमुखिकरण कार्यक्रम | ०१/०६/२०७५ | ३१/०७/२०७५ | योजना तथा लेखा |
| ३ | उपभोक्ता समिति दर्ता | | १५/०८/२०७५ | योजना |
| ४ | योजना तथा कार्यक्रमको लागत स्टमेट तयारी | | १५/०९/२०७५ | प्राविधिक |
| ५ | योजना सम्झौता | | ३०/०९/२०७५ | योजना |
| ६ | योजना अनुगमन | निरन्तर | ०५/०५/२०७५ | वडा कार्यालय तथा अनुगमन समिति |
| ७ | योजनाको अन्तिम मुल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन | | ३०/०१/२०७६ | प्राविधिक |
| ८ | योजनाको अन्तिम भुक्तानी | | २०७६/०२/३० | लेखा शाखा |

Scanned by CamScanner

प्रस्ताव नं. ३ : विद्युत पोल खरिद गर्ने सम्बन्धमा

निर्णय : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा. अन्तर्गत विद्युत विस्तारको लागी आ-आफ्नो वडाको आवश्यक्ता संकलन गरी २०७५/८/५ गते भित्रमा पेश गर्ने र आवश्यक प्रकृया पुरा गरी खरिद प्रकृया अघि बढाउने निर्णय गरीयो ।

प्रस्ताव नं. ४ : वस्तुगत विवरण पुस्तिका तयार गर्ने सम्बन्धमा

निर्णय : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा.को विस्तृत बस्तुगत विवरण समेटिएको पुस्तिका तयार गरी प्रकाशन गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ५ : स्वास्थ्य औषधि व्यवस्थापन सम्बन्धमा

निर्णय : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा स्वास्थ्य शाखाबाट तयार गरीएको निम्न तालिका बमाजिम स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईका निमित्त औषधि खरीदका लागी व्यवस्था गरीएको बजेट व्यवस्थापन गर्ने निर्णय गरीयो ।

तपशिलः

| क्र.स | कार्यक्रमको नाम | लक्षित समूह | प्रस्तावित बजेट | औषधिको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्यक्षसंग ज्येष्ठ नागरिक कार्यक्रम | ज्येष्ठ नागरिक सबै | ४,५०,०००।०० | ब्लड प्रेसर, सुगर तथा मृगौला रोगसंग सम्बन्धित औषधिहरू | |
| २. | उपाध्यक्षसंग आमा सुरक्षा कार्यक्रम | गर्भवती तथा सुत्केरी महिलाहरू | ४,५०,०००।०० | क्याल्सियम चक्की | |
| ३. | जनप्रतिनिधीसंग समुदाय औषधी कार्यक्रम | स्वास्थ्य संस्थामा आउने सम्पुर्ण सेवाग्राहीहरू | ४,५०,०००।०० | स्वास्थ्य चौकीस्तरबाट निःशुल्क वितरण गरिने ३५ प्रकारका औषधिहरू | |
| ४ | महामारी रोग नियन्त्रण कार्यक्रम | महामारी रोग प्रभावित जनताहरू | २,५०,०००।०० | महामारीजन्य रोगका औषधिहरू | |
| ५. | सामुदायिक स्वास्थ्य कार्यक्रम | सा.स्वा.ई.का सम्पुर्ण सेवाग्राहीहरू | ४,५०,०००।०० | सा.स्वा.ईकाईस्तरबाट निःशुल्क वितरण गरिने ३५ प्रकारका औषधिहरू | |
| ६. | सर्जिकल उपकरण खरिद कार्यक्रम | सम्पुर्ण स्वा.चौ. तथा सा.स्वा.ई.हरू | ४,५०,०००।०० | स्वास्थ्य संस्थालाई आवश्यक पर्ने सर्जिकल उपकरणहरू | |
| | कुल जम्मा | | २५,००,०००।०० | | |

प्रस्ताव नं. ६ : प्रतिनिधि पठाउने सम्बन्धमा

निर्णय : प्रस्तुत प्रस्ताब उपर छलफल गर्दा नेपाल रेडकस सोसाइटी,बुधबारे शाखाबाट माग भई आए अनुसार वडा नं. २ का वडाध्यक्ष श्री दिलिप श्रेष्ठ लाई प्रतिनिधि पठाउने निणय गरियो ।

प्रस्ताव नं. ७ : ग्यारेज निमार्ण सम्बन्धमा

निर्णय : प्रश्तुत प्रस्ताब उपर छलफल गर्दा यस बुद्धशान्ति गा. पा.परिसरमा व्यवस्थित पार्किङ स्थलको अभावमा मो. सा. तथा सवारी साधनहरू जथाभाबी पार्किङ गर्दा कार्यालयको सौर्न्दयतामा प्रतिकुल प्रभाब पर्ने र व्यवहारिक रुपमा समेत कठिनाई भइरहेकोले कार्यालयको पछाडी रहेको खाली जमिनमा ग्यारेज निर्माण गरी पार्किङलाइ व्यवस्थित गर्ने निर्णय गरियो ।

प्रस्ताब नं. ८ : उपभोक्ता हित संरक्षण मञ्चको निबेदन सम्बन्धमा

निर्णय : उपभोक्ता हित संरक्षण मञ्चको आर्थिक सहायता माग निबेदन उपर छलफल गर्दा तर्दथ समिति समग्र बुद्धशान्ति गाउँपालिकालाई समेट्ने गरी मञ्च गठन गर्ने पत्राचार गरी गाउँपालिकाको रोहबरमा गाउँपालिका स्तिरय समिति गठन गराइ विधिवत दर्ता प्रकृयामा लैजाने निर्णय गरियो ।

Scanned by CamScanner

आज मिति २०७५ साल मंसिर १३ गते विहिवारका दिन विहान ७:३० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) | |
| २. श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) | |
| ३. श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) | |
| ४. श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) | |
| ५. श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) | |
| ६. श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) | |
| ७. श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) | |
| ८. श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) | |
| ९. श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) | |
| १०. श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) | |
| ११. श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) | |
| १२. श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) | |
| १३. श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) | |
| १४. श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) | |
| १५. श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) | |
| १६. श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) | |

**आमन्त्रित**

श्री कमल प्रसाद निरौला (प्रा.अ.) [illegible]

श्री देवेन्द्र दाहाल ना.सु.

श्री कमल भट्टराई ले.पा.

श्री मिना विष्ट सं.म.वि.नि.

श्री मनोज कु. काकीडाली जे.ई.

Scanned by CamScanner

प्रस्ताव नं.१ .**विद्यालय रंगरोगन र शिक्षा समितिको प्रतिवेदन सम्बन्धमा :-**
निर्णय : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा. अन्तरगत रहेका सवै पक्की विद्यालयहरुको अगाडीको भागमा एकै किसिमको रङ्गरोगन गर्ने निर्णय गरीयो साथै शिक्षा समितिको प्रतिवेदन संसोधन सहित आगामी वैठकमा पेश गर्न अनुरोध गर्ने निर्णय गरीयो ।

प्रस्ताव न २. **विद्यालय प्रोत्साहन कार्यविधि २०७५ सम्वन्धमा :**
निर्णय :- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा आजको वैठकमा पेश भएको वाल शिक्षक,कर्मचारी र निजि शिक्षक प्रोत्साहन कोष कार्यविधी २०७५ माथी छलफल गरी आजकै मिति वाट लागु हुने गरी पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव न ३.अपाङ्गता **परिचयपत्र जारी गर्ने सम्वन्धमा :-**
निर्णय :-प्रस्तुत प्रस्ताव उपर दफावार छलफल सहित पारित गरी राजपत्रमा प्रकाशित गरी २०७५/०८/२० गते देखी जारी गर्ने निर्णय गरियो ।

प्रस्ताव न ४ **मेलमिलाप तथा मध्यस्थ समिति गठन सम्बन्धमा :-**
निर्णयः-प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा प्रत्येक वडामा स्थानीय स्तरमा नै मुद्दा मामिला मिलाउने प्रयोजनका लागि निर्देशिका वमोजिम २ महिला अनिवार्य रहने गरी ४ सदस्य मेलमिलाप समिति चयन गरी प्रत्येक वडाबाट मंसिर २५ गते भित्र जानकारी पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव न ५.:- **सहकारी अभिमुखीकरण कार्यकम संञ्चालन सम्वन्धमा :-**
निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा .अन्तर्गत रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई सहभागी गराउने गरी यथासिघ्र कार्यक्रम बनाई बजेट पुस्तिकाको बुंदा नं ७०“ विभिन्न योजना कार्यविधि तथा निर्देशिकाको निर्माण र व्यवस्थापन”शिर्षकबाट खर्च गर्ने गरी सहकारी अभिमुखीकरण कार्यकम संञ्चालन गर्ने निर्णय गरीयो ।

प्रस्ताव न ६.**घर नक्सा पास सम्बन्धमा :-**
यस बुद्धशान्ति गा.पा. अन्तरगतका सवै वडाहरुमा निर्माण भई सकेका तथा निर्माण हुने घर नक्सा पास गर्न पौष मसान्त सम्म छुट सुविधा उपलब्ध गराउन म्याद थप गर्ने र आगामी गाउँसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।
प्रस्ताव न (७) **विविध :-**
निर्णय:
(क) स.म.वि.नि श्री लोकमाया बानिया र मिना बिष्ट को निवेदन उपर छलफल गर्दा निजहरु यस कार्यालयमा नियमित रुपमा कामकाज गर्दै आउनु भएको र २०७५ श्रावण देखि तलव भत्ता भुक्तानी नगरीएको हुँदा तलव भत्ता भुक्तानी गरी दरबन्दि भन्दा बढी भएकालाई अन्यत्र सरुवाको लागि प्रयत्न गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

(ख)जेष्ठ नागरीक गाउँपालिका समितिबाट कार्यक्रम संञ्चालनका लागि माग भएको रकम रु ३५,०००।- दिने निर्णय गरियो । साथै वडामा सकृय जेष्ठ नागरिक वडा समितिको प्रतिनीधित्व हुने गरी बढीमा ९ सदस्यीय गाउँकार्यसमिति गठन गर्न अनुरोध गर्ने समेत निर्णय गरियो ।

(ग) राष्ट्रिय युवा समाज बुधबारेले संञ्चालन गरेको १ नं. प्रदेश स्तरीय भलिवल प्रतियोगिताको लागि रु १०००००।-(एकलाख ) मात्र स्वीकृत गरी नियमानुसार बीलभरपाई पेश गराई निकासा दिने निर्णय गरियो ।

(घ) रक्तमाला देवी मन्दिर प्रतिष्ठान बुद्धशान्ति -४ लाई रु १,०००००।-(एक लाख) मात्र उपलब्ध गराउँने निर्णय गरियो ।

(ङ) वडा नं. ४ बस्ने मित्रलाल अर्याल अति विपन्न परिवारको भएकोले मृगौला पथरीको अपरेसनको लागि रु २०,०००।- (बिस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

(च) वडा नं. १ भोटेटार फुटबल प्रतियोगिता संञ्चालनकका लागि रु ४०,०००।-(चालिस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

अन्य प्रस्तावहरु नभएकाले अध्यक्षज्यू बाट धन्यवाद सहित आजको बैठक समापन भयो ।

Scanned by CamScanner

अठचालिसौं बैठक

आज मिति २०७५ साल मंसिर २३ गते आइतवारका दिन दिउसो ४:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

१. श्री रमेशकुमार भुजेल (गाउँपालिका अध्यक्ष)
२. श्री मिरा भुर्तेल (गाउँपालिका उपाध्यक्ष)
३. श्री भीमकुमार नेवार (वडाध्यक्ष वडा नं. १)
४. श्री दिलीप श्रेष्ठ (वडाध्यक्ष वडा नं. २)
५. श्री कमलप्रसाद उप्रेती (वडाध्यक्ष वडा नं. ३)
६. श्री बुद्धिमान लिम्बु (वडाध्यक्ष वडा नं. ४)
७. श्री बासुदेव खतिवडा (वडाध्यक्ष वडा नं. ५)
८. श्री शम्भुप्रसाद पौडेल (वडाध्यक्ष वडा नं. ६)
९. श्री मात्रिकाप्रसाद पौडेल (वडाध्यक्ष वडा नं. ७)
१०. श्री यमुना चापागाईं (गा.का.पा. सदस्य)
११. श्री भगवती शर्मा खतिवडा (गा.का.पा. सदस्य)
१२. श्री दुर्गादेवी ढुंगेल पोखरेल (गा.का.पा. सदस्य)
१३. श्री रितादेवी बराल (गा.का.पा. सदस्य)
१४. श्री रोहित तोलाङ्गी (गा.का.पा. सदस्य)
१५. श्री गणेश धिमाल (गा.का.पा. सदस्य)
१६. श्री छविलाल खतिवडा (प्रमुख प्रशासकीय अधिकृत)

**आमन्त्रित**

श्री देवेन्द्र दाहाल ग्रा.सु.
श्री अनिल घिमिरे ले.अ.
श्री खेमराज निरौला खरिदार

Scanned by CamScanner

प्रस्ताव नं.१ अमिन नियुक्ति सम्बन्धमा :-

निर्णय : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस कार्यालयका अमिन शुशिल घिमिरेलले राजिनामा दिई रिक्त रहेको स्थानमा वैकल्पिक उम्मेद्वार श्री पुष्पराज चापागाई लाई नियुक्ति गर्ने निर्णय गरियो ।

प्रस्ताव न २. ग्यारेज निर्माण र घेराबारामा वजेट अपुग सम्बन्धमा :-

निर्णय :- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा कार्यालयको घेराबारा तथा ग्यारेज निर्माणको लागि वजेटमा व्यवस्था भएको रकम कम भएको हुँदा लगत इस्टीमेट वमोजिमको रकम रु १३,२२,३२१।०९ अन्य शिर्षक बाट व्यवस्था गर्ने गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ३, खुल्ला दिसामुक्त जिल्ला घोषणा कार्यक्रममा सहभागीता सम्बन्धमा :-

निर्णय :-प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा जिल्ला समन्वय समिति झापा बाट मिति २०७५/०८/२८ मा आयोजना हुने झापा जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला घोषणा कार्यक्रममा यस गाउँपालिकाको तर्फबाट सहभागिता जनाउने निर्णय गरियो ।

प्रस्ताव न ४ केन्द्रमा योजना पेश गर्ने सम्वन्धमा :-

निर्णय:-प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिका अन्तरगत अति आवस्यक ठानिएको योजनाहरु पहिचान गरी संघ तथा प्रदेश सरकारमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव न ५.:- योजना कार्यान्वयन सम्वन्धमा :-

निर्णय:- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा .को रिङ्गरोड निर्माण शिर्षकको रकम यहि मंसिर मसान्त सम्म वडागतरुपमा विभाजन गरी सक्ने निर्णय गरियो साथै वन वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसको आधारमा रु १५ लाख वरावरको तार खरिद गर्ने र जाली बुन्ने कार्यको लागि प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

**प्रस्ताव न ६ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणली सुद्धिकरण तालिम सम्बन्धमा ।**

निर्णय:- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणली सुद्धिकरण आयोजना संचालन निर्देशिका वमोजिम कार्य संञ्चालन गर्ने र सो कार्यका लागि कार्यपालिका वडा सचिव र विद्यालयका सम्वन्धित शाखा हेर्ने कर्मचारीलाई सहभागी गराई तालिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

प्रस्ताव न (७) **विविध** :-

निर्णय: विविध विषयमा छलफल गर्दा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) २०७५ पौष १४ गते देखि संञ्चालन हुने धारागोला भ्यू टावर पर्यटन महोत्सव २०७५ संञ्चालनको लागि मेला महोत्सव शिर्षक बाट रु १,०००००।- (एकलाख)मात्र रकम उपलब्ध गराउने ।

(ख) चासोक तङ्नाम समिति ,बुद्धशान्ति -४ लाई चासोक तङ्नाम (उधौली पर्व ) मनाउन मेला महोत्सव शिर्षक बाट रु २०,०००।-(बिस हजार)मात्र उपलब्ध गराउने ।

(ग) सन्थाल जाती उत्थान सेवा समाज लाइ रु ७,०००।-(सात हजार )मात्र "लापोन्मुख जाती उत्थान कार्यक्रम" शिर्षक बाट उपलब्ध गराउने ।

(घ) वैकल्पिक उर्जा अन्तरगत गोवरग्याँस प्लान्ट निर्माणको लागि प्राप्त कोटेसन मध्ये सवैभन्दा कम अंक कवोलेको र बजेटको परिधि भित्र पर्ने फर्मको कोटेशन स्वीकार गर्ने निर्णय गरियो ।

(ङ) सिता रमेश बहुमुखी क्याम्पसका छात्रछात्रालाई शैक्षिक भ्रमणको लागि छयालिसौ बैठकबाट रु १५,०००।- दिने निर्णय भएकोमा रु २५०००।- थप गरी जम्मा रु ४०,०००।-(चालिस हजार) पुर्याउने निर्णय गरियो

(च) घरेलु तथा साना उद्योग कार्यालयबाट सञ्चालन हुने भगत सर्वजित कार्यक्रम ( दलित लक्षित) वडा नं .५ मा संञ्चालन गर्ने निर्णय गरियो ।

(छ) युनिभर्सल पिस फेडेरेसन र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेतबाट प्रदेश नं. १ का सबै स्थानीय तहहरुबाट पति/पत्नि सहित सहभागी हुन अनुरोध गरिए बमोजिम यस गा.पा. बाट अध्यक्ष/उपाध्यक्ष र निजहरुका धर्मपत्नि /पति समेतको भ्रमण अनुमोदन गर्दै नियम अनुसारको दैनिक भ्रमण भत्ता समेत उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

४९ औ बैठक

आज मिति २०७५ साल मंसिर २५ गते मंगलबारका दिन विहान ७:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

१. श्री अनिल घिमिरे. लेखा अधिकृत
२. श्री कमल प्र. भट्टराई लेखापाल
३. श्री खेमराज निरौला खरिदार
४. श्री बिमला भण्डारी कार्यालय सहयोगी

Scanned by CamScanner

निर्णय नं. १

प्रशताव नं. १ प्रशताव नं. १ माथि छलफल गरी यस गाउँपालिकालाई प्राप्त हुने निशुल्क र सशुल्क जग्गा रजिष्ट्रेशन पर्सका लागि सहजिकरण गर्न वडा नं. ३ का वडाध्यक्ष श्री कमल प्रसाद उप्रेतीको संयोजकत्वमा एक निशुल्क र सशुल्क जग्गा प्राप्ति सहजिकरण समिति गठन गर्ने र सो समितिले आवस्यक काम कार्वाही गरी १५ दिन भित्र गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

तपशीलः-

१. संयोजकः- कमल प्रसाद उप्रेती
२. सदस्यः- श्री भीम कुमार नेवार
३. सदस्यः- श्री दिलिप श्रेष्ठ
४. सदस्यः- श्री शम्भु प्रसाद पौडेल
५. सदस्यः- श्री भगवति शर्मा खतिवडा

निर्णय नं. २

प्रशताव नं. २ माथि छलफल गरि यस गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक बिद्यालयहरुमा प्राबिधिक लागत स्टमेट बमोजिम कलर कोड गर्नका लागि गाउँसभाबाट बिनियोजित रु १० लाख अपुग हुने देखिएको हुँदा सो काम सम्पन्न गर्न **वातावरण सरसफाई बिरुवा बितरण तथा हरियाली कार्यक्रम साथै डस्टबिन बितरण शीर्षकबाट रु ५ लाख** रकम थप गरी सो सम्बन्धमा आवस्यक काम कार्वाही अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३

प्रशताव नं. ३ माथि छलफल गरि गाउँ सभाबाट बिनियोजित उपर्युक्त बजेट शीर्षकबाट खर्च गर्ने गरि सरोकार वाला संस्थाहरु सँग सम्झौता गरी साझेदारीमा अपांगता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ४ बिबिध:-

क. बुद्धशान्ति गाउँपालिका क्षेत्र भित्रका जुनसुकै आमाहरुले राज्यद्धारा तोकिएका जुनसुकै सरकारी स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रशुति सेवा लिएको भएता पनि प्रशुति स्याहार खर्च बापत रु २०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

ख. मिति २०७५ साल मंसिर २६ गतेका दिन बुधबारे स्वास्थ्य चौकीमा बुद्धशान्ति गाउँपालिकाको आयोजना, NIC ASIA Bank को बितिय सहयोग र मेचि नेत्रालयको प्राविधिक सहयोगमा निशुल्क आँखा जाँच शिविर सन्चालन गर्ने निर्णय गरियो ।

ग. गाउँपालिकामा न्यायिक समितिमा पर्न गएको कामको चापलाई मध्यनजर गरी प्रत्येक वडामा मध्यस्थता समिति गठन गरी पौस पहिलो हप्ता मध्यस्थता समितिलाई तालिम सन्चालन गर्ने निर्णय गरियो ।

घ. बुद्धशान्ति गाउँपालिका वडा नं. ६ स्थित नमुना आई पि एम पाठशालालाई अध्ययन अवलोकन भ्रमणका लागि उपयुक्त शीर्षकबाट रु १५०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

ङ. परोपकार तथा अनुसन्धान केन्द्र द्धारा सन्चालित वृद्धाश्रमका लागि जग्गा खरिद गर्न एक खटिया बराबर क्षेत्रफल जग्गा खरिद मुल्य बराबर रु ११४००।०० उपलब्ध गराउने निर्णय गरियो ।

च. शिक्षा शाखा अन्तर्गत कक्षा ३ सम्मका बालबालिकालाई झोला बितरण गर्दा बुद्धशान्ति गाउँपालिका भित्र उत्पादित सामग्रीको प्रयोगलाई प्राथमिकता दिने निर्णय गरियो ।

Scanned by CamScanner

पचासौं बैठक

आज मिति २०७५ साल पौष २ गते सोमबार बिहान ७ बजे यस बुद्धशान्ति गाउँपालिकाकाका अध्यक्ष श्री रमेश कुमार भुजेलको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी बिबिध बिषयहरुमा छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १ | श्री रमेश कुमार भुजेल | अध्यक्ष |
| २ | श्री मिरा भुर्तेल | उपाध्यक्ष |
| ३ | भिम कुमार नेवार | वडाध्यक्ष |
| ४ | श्री दिलिप श्रेष्ठ | वडाध्यक्ष |
| ५ | श्री कमल प्रसाद उप्रेती | वडाध्यक्ष |
| ६ | श्री बुद्धिमान लिम्बु | वडाध्यक्ष |
| ७ | श्री वासुदेव खतिवडा | वडाध्यक्ष |
| ८ | श्री शम्भु प्रसाद पौडेल | वडाध्यक्ष |
| ९ | श्री मात्रिका प्रसाद पौडेल | वडाध्यक्ष |
| १० | श्री यमुना चापागाईं | कार्यपालिका सदस्य |
| ११ | श्री भगवति शर्मा खतिवडा | कार्यपालिका सदस्य |
| १२ | श्री दुर्गादेवी पोखेल ढुंगेल | कार्यपालिका सदस्य |
| १३ | श्री रितादेवी बराल | कार्यपालिका सदस्य |
| १४ | श्री रोहित तोलाङ्गी | कार्यपालिका सदस्य |
| १५ | श्री गणेश धिमाल | कार्यपालिका सदस्य |
| १६ | श्री छबिलाल खतिवडा | प्रमुख प्रशासकीय अधिकृत |

अन्य:

१. श्री अनिल घिमिरे, लेखा अधिकृत

२. श्री कमल प्र. भट्टराई लेखापाल

३. श्री खेमराज निरौला, खरिदार

४. श्री मनोजकुमार डाँगी [illegible]

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी समायोजन शाखाको च.नं. २५ २०७५/०८/२४ को पत्रानुसार साविकको स्थानीय निकायबाट स्थायी नियुक्ती पाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई तपशीलमा उल्लेख गरिए बमोजिम समायोजन तथा पदस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशीलः

| सि.नं. | नामथर | बहाल रहेको | | समायोजन हुने | | |
|---|---|---|---|---|---|---|
| | | पद | तह | कार्यालय | शाखा | तह |
| १ | हरी कुमार प्रधान | सव ईन्जिनियर | सहायकस्तर पाँचौ | बुद्धशान्ति गाउँपालिका | प्राविधिक शाखा | सहायकस्तर पाँचौ |
| २ | तारा कुमार गिरी | अ.सव ईन्जिनियर | सहायकस्तर चौथो | बुद्धशान्ति गाउँपालिका | प्राविधिक शाखा | सहायकस्तर चौथो |
| ३ | खड्ग बहादुर सुबेदी | खरिदार | सहायकस्तर चौथो | बुद्धशान्ति गाउँपालिका | प्रशासन | सहायकस्तर चौथो |
| ४ | कुलचन्द्र दाहाल | खरिदार | सहायकस्तर चौथो | बुद्धशान्ति गाउँपालिका | प्रशासन | सहायकस्तर चौथो |
| ५ | जस बहादुर चेम्जोङ लिम्बु | कार्यालय सहयोगी | कार्यालय सहयोगी | बुद्धशान्ति गाउँपालिका | प्रशासन | कार्यालय सहयोगी |
| ६ | चन्द्र प्रकास भट्टराई | कार्यालय सहयोगी | कार्यालय सहयोगी | बुद्धशान्ति गाउँपालिका | प्रशासन | कार्यालय सहयोगी |
| ७ | मनोज मगर | कार्यालय सहयोगी | कार्यालय सहयोगी | बुद्धशान्ति गाउँपालिका | प्रशासन | कार्यालय सहयोगी |

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गरि यस गाउँपालिकाको न्यायिक समितिका वडा स्तरीय मध्यस्थता समितिका पदाधिकारी हरुका लागि २०७५ साल पौष १० गतेबाट तालिम सञ्चालन गर्ने र सो तालिममा मध्यस्थता समितिका ५ जनाका दरले ३५ जना र कार्यपालिका सदस्यहरु ५ जना गरि जम्मा ४० जनालाई सहभागी गराउने निर्णय गरीयो ।

Scanned by CamScanner

निर्णय नं. ३ बिविध

१. बुद्धशान्ति ४ स्थित सोदुङ्गे लप्मुहाङ्ग फेदाङमा(जानपा) संघ गाउँ ईकाइ शाखा कार्यालयको आर्थिक सहयोग सम्बन्धी निबेदन माथी छलफल गरि कार्यक्रम सञ्चालनका लागि रु ५०००।०० उपलब्ध गराउने निर्णय गरीयो ।

२. कृषि ज्ञान केन्द्रको मिति २०७५ साल पौष १ गते प्रकासित कार्यक्रम सञ्चालन सम्बन्धी सुचनाका सम्बन्धमा कार्यपालिका सदस्यहरुमा जानकारी गराईयो ।

3. गाउँपालिका परिसरमा रहेको पुरानो कृषि भवन आसपासमा रहेका टिक लगायतका रुखहरु कटान गर्न र सो भवन मर्मतका लागि आवस्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४. पाथीभरा कन्ट्रक्सन सेवा प्रा.लि. ले घ बर्गको निर्माण ब्यवसायीको रुपमा दर्ता गरिपाउँ भनि गाउँपालिकामा दिएको निबेदन माथी छलफल गरि सो प्रा.लि. लाई अर्को बैठकमा पुन छलफल गर्ने गरी दर्ताको प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

Scanned by CamScanner

एकाउन्नौं बैठक

आज मिति २०७५ साल पौष १९ गते बिहिबारका दिन विहान ७:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

## आमन्त्रित

श्री अनिल घिमिरे लै.अ.

श्री शैलेन्द्र दाहाल ना.सु.

श्री कमल भट्टराई ले.पा.

श्री मीना विष्ट ह.म.चि.नि.

Scanned by CamScanner

प्रस्ताव नं. १ शिक्षा समितिको प्रतिवेदन र बजेट बाँडफाँडा सम्बन्धमा ।

निर्णय नं. १ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा शिक्षा समितिले पेश गरेको प्रतिवेदन बमोजिम देहाय बमोजिम बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वडा नं. | विनियोजन रु. हजारमा |
|---|---|---|---|
| १ | नमुना मावि कक्षाकोठा मर्मत | १ | ५००.० |
| २ | शान्ति आदर्श मावि कक्षाकोठा छाना मर्मत र घेराबारा | ६ | ५००.० |
| ३ | गडीगाउँ मावि छाना फेर्ने | ६ | ८००.० |
| ४ | त्रिभुवन मावि भवन घेराबारा र सौचालय | ६ | ६५०.० |
| ५ | नव किरण आवि कक्षाकोठा मर्मत | ३ | १५०.०० |
| ६ | बुद्धआदर्श मावि भवन निर्माण | १ | १५००.० |
| ७ | गौतम बुद्ध प्रावि कक्षाकोठा/छाना मर्मत | ५ | ३००.० |
| ८ | आदर्श मावि बालबिकास भवन पुरा गर्ने | २ | १०००.० |
| ९ | सरस्वती आ.वि. घेराबारा | २ | १५०.० |
| १० | मावि वर्न घेराबारा | ४ | १००.० |
| ११ | शिशु सुधार प्रावि कक्षाकोठा मर्मत | ३ | ५००.०० |
| १२ | गणेश मावि झ्यालढोका निर्माण र मर्मत | ४ | ६५०.० |
| १३ | जनज्योती आ.वि. घेराबारा | ५ | १५०.० |
| १४ | राष्ट्रिय विजय मावि फर्निचर छाना मर्मत | ७ | ६००.० |
| १५ | आदर्श बालविकास केन्द्र घेराबारा र बाल उद्यान निर्माण | २ | १५०.० |
| १६ | बाल विकास केन्द्रहरु खानेपानी घेराबारा/ फर्निसिङ र बाल उद्यान | | २००.० |
| १७ | सितारमेश क्याम्पश भवन निर्माण | १ | ८००.० |
| १८ | आदर्श प्रावि मर्मत | | १००.० |
| १९ | नमुना प्रावि बुद्धशान्ति ४ घेराबारा | ४ | २००.० |
| | | | ९०००.० |

प्रस्ताव नं. २ खानेपानी तथा स.स. को बजेट बाँडफाँड सम्बन्धमा ।

निर्णय नं. २ प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा खानेपानी तथा स.स. अन्तर्गत देहाय बमोजिम बजेट बाँडफाँड गर्ने निर्णय गरियो साथै उक्त अनुसार बजेट बाँडफाँड गर्दा अपुग हुन आउने रकम रु ७ लाख शिर्षक नं. १३३ समपुरक कोष बाट खर्च गर्ने निर्णय गरियो ।

<u>ग्रामिण खानेपानी तथा सरसफाई आयोजनाको आ.व. २०७५/०७६को योजनागत वार्षिक बजेट बाँडफाँड</u>

| क्र.स. | नाम | प्रस्तावित रकम | कैफियत |
| --- | --- | --- | --- |
| १ | आपँगाछी शक्तिझोडा खानेपानी तथा सरसफाई योजना स्किम १ | २४९०००\|०० | |
| २ | पिपलबोटे खानेपानी तथा सरसफाई योजना | ४७५१००\|०० | |
| ३ | देवीबस्ती खानेपानी तथा सरसफाई योजना | २६२०००\|०० | |
| ४ | जुनेली बस्ती खानेपानी तथा सरसफाई योजना | २१००००\|०० | |
| ५ | गैरीगाउँ पैतिसे खानेपानी तथा सरसफाई योजना | ५४१०००\|०० | |
| ६ | हस्तेखोप खानेपानी तथा सरसफाई योजना | ४०००००\|०० | |
| ७ | आपँगाछी सट्टाभर्ना मंगलबारे खानेपानी तथा सरसफाई योजना स्किम नं. २ | २०००००\|०० | |
| ८ | चारभैया चुल्ठे खानेपानी तथा सरसफाई योजना स्किम नं. २ (गोलाटार) | १२५०००\|०० | |
| ९ | चारभैया चुल्ठे खानेपानी तथा सरसफाई योजना स्किम नं. ४ (सुनार टोल) | १२५०००\|०० | |
| १० | हडिया बस्ती खानेपानी तथा सरसफाई योजना | २०००००\|०० | |
| ११ | किनारा बस्ती खानेपानी तथा सरसफाई योजना | २७५१००\|०० | |
| १२ | चतुरेश्वर खानेपानी तथा सरसफाई योजना | ६२५०००\|०० | |
| १३ | शान्तिनगर ग्रामिण खानेपानी तथा सरसफाई योजना | ४९००००\|०० | |
| १४ | होक्से खानेपानी तथा सरसफाई योजना | ५१०००\|०० | |
| १५ | खारखोला खानेपानी तथा सरसफाई योजना (पिपलचोक) | २९१०००\|०० | |
| १६ | बर्ने स्किम खानेपानी तथा सरसफाई योजना | ११००००\|०० | |
| १७ | तिलकेनी खानेपानी तथा सरसफाई योजना | ११००००\|०० | |
| १८ | दामा मझुवा खानेपानी तथा सरसफाई योजना | २७४०००\|०० | |
| १९ | दमर सिमसार खानेपानी तथा सरसफाई योजना | १७६०००\|०० | |
| २० | दामा अधेरी खानेपानी तथा सरसफाई योजना | २३००००\|०० | |
| २१ | चिलिमगढी खानेपानी तथा सरसफाई योजना | ५००००\|०० | |
| २२ | साना शहरी खानेपानी तथा सरसफाई योजना | ३२३०८००\|०० | |
| | योजना अनुसार छुटिएको जम्मा रकम | ८७०००००\|०० | |
| | ग्रामिण खानेपानी तथा सरसफाई आयोजनाको बजेट | ८००००००\|०० | |
| | नपुग समपुरक कोष [illegible] | ७०००००\|०० | |

**प्रस्ताव न. ३, पशुसेंवा शाखाको प्रतिबेदन सम्बन्धमा :-**

**निर्णय** :-प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा पशुशाखाको प्रतिबेदन उपर छलफल गर्दा पशुशाखा बाट पेश भएको प्रतिबेदन छलफल गरि पारित गरियो ।

Scanned by CamScanner

**प्रस्ताव न ४ :-पसल सटर भाडा सम्बन्धमा :-**

निर्णयः-प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बजार व्यवस्थापन समिति ,उद्योग वाणिज्य संघ संग समन्वय गरी सटर भाडा व्यवस्थित गर्न वडा नं.१ र वडा नं. ३ का वडाध्यक्ष ज्यूहरुलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव न ५.:-वडा स्तरिय करदाता शिक्षा कार्यक्रम सम्बन्धमा :-**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा प्रत्येक वडाहरुमा करदाता शिक्षा कार्यक्रम संञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न ६ लक्षित समूहका लागि क्षमता विकास कार्यक्रम सम्बन्धमा :-**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा लक्षित ससमुदायका लागि क्षमता विकास कार्यक्रम अन्तरगत लोकसेवा, शिक्षासेवा र अहेव /अनमी तयारी कक्षा संञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न (७) :- रिङ्गरोड निर्माण शिर्षकको रकम बाँडफाँड सम्बन्धमा :-**

निर्णयः - रिङ्गरोड निर्माण शिर्षकको रकम बाँडफाँड गर्ने सम्बन्धमा छलफल गर्दा तपसिल अनुसार रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| वडा नं -१ | १०,०००००।- |
| वडा नं -२ | १०,०००००।- |
| वडा नं -३ | १०,०००००।- |
| वडा नं -४ | ९,०००००।- |
| वडा नं -५ | १६,०००००।- |
| वडा नं -६ | १६,०००००।- |
| वडा नं -७ | ९,०००००।- |
| जम्मा | ८०,०००००।- |

**प्रस्ताव न (८) कृषि सम्बन्धि यान्त्रिक उपकरण तथा मेसिन खरिद सम्बनधमा :-**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा कृषि कार्यक्रम अन्तरगत खरिद गर्नुपर्ने यान्त्रिक उपकरण,मेसिन खरिदका लागि वोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव न (९) कर्मचारीहरुका लागि कार्यालय व्यवहार सम्वन्धि तालिम सम्बन्धमा :-**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा कर्मचारीहरुका लागि कार्यालय व्यवहार सम्वन्धि तालिम सञ्चालन गर्ने निणर्य गरियो ।

**प्रस्ताव न (१०) विविध :-**

**निर्णयः** विविध विषयमा छलफल गर्दा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) आदीवासी जनजाती पत्रकार महासंघलाई सम्मेलनका लागि रु ५०००।- उपलब्ध गराउने ।

(ख)दुईसय सन्तानब्वेऔं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस समारोह समितिलाई समारोह सम्मेलन शिर्षक बाट रु २०,०००।-उपलब्ध गराउने ।

Scanned by CamScanner

(ग) वडा नं.४ स्थित साविकको शरणार्थी शिविर रहेको जग्गा गाउँपालिकाको मातहतमा ल्याई व्यवस्थित गर्नका लागि जिल्ला अदालत,नापी कार्यालय,मालपोत कार्यालय,डिभिजन वन कार्यालय लगायत सरोकारवाला निकाय समेतको रोहबरमा सिमाङ्कन गरी व्यवस्थित गर्ने निर्णय गरियो ।

(घ) न्यायिक मध्यस्थता समितिबाट तालिम प्राप्त मध्यस्थकर्ता लाई सूचिकृत हुन ७ दिने म्याद दिई सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

(ङ) देहायका विद्यालयहरुलाई स्वर्णमहोत्सव मनाउन प्रति विद्यालय रु ५०,०००।-का दरले मेला महोत्सव शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

- नवकिरण आ.वि बुद्धशान्ति - ३
- जनज्योती आ.वि बुद्धशान्ति - ५
- गौतम बुद्ध प्रा.वि. बुद्धशान्ति - ५

(च)मेची राजमार्ग विस्तारको क्रममा राजमार्गको केन्द्र बाट १५+६ मिटर गरी २१ मि. बाटो कायम गरीबाटो विस्तार हुनेव्यवस्था मिलाई दिन हुन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

(छ) गाउँपालिकाको योजनाहरुमा ग्राभल ढुवानी गर्दा प्रति ट्रिपरको रु ६००।-र प्रति ट्याकटर रु ३००।-र जे.सि.बि.ले लोड गर्दा प्रति ट्रिपरको रु १५०।- र ट्याकटरको रु १००।-कर लिने निर्णय गरियो ।

(ज) पेप्सन लाई कार्यक्रम सञ्चालनको लागि बुंदा नं. १६ अतिरिक्त क्रियाकलाप शिर्षक बाट रु ५०,०००।-उपलब्ध गराउने निर्णय गरियो ।

(झ) पाथीभरा कन्ट्रकसन सेवा प्रा.लि बुद्धशान्ति –३ ले "घ" वर्गको निर्माण व्यवसायीको रुपमा दर्ता गरी इजाजत पत्र पाउँ भनि दिएको निवेदन उपर छलफल गर्दा प्राविधिक प्रतिवेदनका आधारमा उक्त कम्पनीलाई "घ"वर्गको निर्माण व्यवसायीको रुपमा दर्ता गरी इजाजत पत्र प्रदान गर्न अनुमती प्रदान गर्ने निणय गरियो ।

(ञ) आर्युवेद शाखाको स्वीकृत कार्यक्रम अन्तर्गत प्राकृतिक चिकित्सा र योग अभ्यासका कार्यहरुको स्थलगत अनुगमन अवलोकन गर्न गा.पा.उपाध्यक्ष मिरा भुर्तेल,वडाध्यक्षहरु दिलिप श्रेष्ठ र कमल प्रसाद उप्रेती ,आयुर्वेद शाखा प्रमुख पुरन लहेरी र प्रमुख प्रशासकिय अधिकृत छविलाल खतिवडाको भारत हरिद्वार भ्रमण अनुमोदन गर्दै नियमानुसार भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

बाउन्नौं बैठक

आज मिति २०७५ साल माघ ११ गते सुक्रबारका दिन विहान ७:३० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

श्री अनिल घिमिरे इ.अ.

श्री दीपक सापकोटा सि.अ.हे.व.

श्री देवेन्द्र दाहाल ना.सु.

श्री भक्त कुमार खुलाल व.अ.

श्री कमल प्र. भट्टराई ले.पा.

श्री मनोज [illegible] का.स.

Scanned by CamScanner

**प्रस्ताव नं. १ - चौथो गाउँसभा (हिउदे अधिवेशन) को मिति तय गर्ने सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिकाको चौथो गाउँ सभा हिउदे अधिवेशन मिति २०७५/१०/२९ र २०७५/११/०१ गतेलाई आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ - ह्युमपाइप वितरण सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिकाद्वारा खरिद गरिएका ह्युम्पाइप देहाय बमोजिम वितरण गर्ने निर्णय गरियो साथै उक्त वडागत वितरण हुने ह्युम्पाइप सम्बन्धित योजनामा भर्पाई गरी बुझाउन सम्बन्धित वडालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

| वडा नं. | ह्युम्पाइपको साइज | | | |
|---|---|---|---|---|
| | ३० | ४५ | ६० | जम्मा |
| १ | २२ | १८ | ५ | ४५ |
| २ | २२ | १७ | ५ | ४४ |
| ३ | २० | २१ | ६ | ४७ |
| ४ | २४ | १६ | ८ | ४८ |
| ५ | २३ | १७ | ५ | ४५ |
| ६ | २४ | १८ | ३ | ४५ |
| ७ | २० | १३ | ३ | ३६ |
| | १५५ | १२० | ३५ | ३१० |

**प्रस्ताव नं. ३ - लिम्बु भाषा शिक्षण सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिका अन्तर्गत वडा नं. ४ को बजेटमा सि.नं. २ मा व्यवस्था भएको लिम्बु भाषा शिक्षण कार्यक्रम संचालन गर्न कार्यविधि तयार गर्ने र तत् पश्चात उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - जेष्ठ नागरिक र अपाङ्गका कार्यक्रम संचालन सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिका अन्तर्गत बसोवास गर्ने, ६० वर्ष उमेर पुरा गरेका जेष्ठ नागरिकहरु मध्येबाट प्रत्येक वडामा ७ (सात) दिन भित्रमा समावेशी ढंगले ११ सदस्यीय जेष्ठ नागरिक वडा मञ्च गठन गरी पठाउने र सोही मञ्चका पदाधिकारीलाई समेटेर ११ सदस्यीय जेष्ठ नागरिक गाउँ समिति गठन गरी सोही समिति मार्फत जेष्ठ नागरिकका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो साथै शान्ति अपाङ्ग संघको माग अनुसार कार्यक्रम संचालनको लागि गाउँपालिका अन्तर्गतको वार्षिक योजना तथा कार्यक्रम पुस्तिकाको सि.नं. ३८ अपाङ्गलाई सिप मुलक तालिम शिर्षकबाट रु २००००।०० मात्र उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

**प्रस्ताव नं. ५ - पसल सटर व्यवस्थित गर्ने सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस कार्यपालिकाको मिति २०७५/०९/१९ को बैठकबाट गठीत उपसमितिद्वारा पेश गरिएको बुधबारे बजार स्थित रहेका ५८ वटा सटर व्यवस्थित गर्न सटर व्यवसायका प्रतिनिधी, वाणिज्य संघका प्रतिनिधी समेतका रोहवरमा सहमति भई पेश हुन आएको प्रतिवेदनमा देहायका बुदाहरु थप गरी अनुमोदन गर्ने निर्णय गरियो ।

थप बुदाहरुः

१. भाडा रकम प्रत्येक महिनाको ५ गते भित्रमा बुझाउने ।
२. समयमा भाडा नबुझाएमा ६ गतेदेखि १५ गतेसम्म ५% र १६ गतेदेखि ३० गतेसम्म १०% जरिवाना गर्ने ।
३. अर्को महिनादेखि २५% जरिवाना गर्ने ।

**प्रस्ताव नं. ६ - स्वास्थ्य संस्था स्थापना सम्वन्धमा ।.**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत आ.व. ०७५/७६ मा यस गा.पा. अन्तर्गत वडा नं. १, २ र ४ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना हुँदा वडा नं. २ र ४ मा जग्गाको व्यवस्थापन गर्न वडा कार्यालयलाई जिम्मा दिने र वडा नं. १ मा अस्पताल बनाउने विषय र सो वडामा प्राप्त उक्त केन्द्र अन्य वडामा सार्ने विषयमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ - योजना माग गरि पठाउने सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको तेर्सो गाउँ सभामा पेश भई गाउँपालिकाको योजना किताबमा समावेश भएका तपशिलमा उल्लेखित योजना तथा कार्यक्रमहरु माथिल्लो निकायमा आवश्यक कार्वाहीका लागि सिफारिस गरि पठाउन सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१. साविक बुधबारे हाल बुद्धशान्ति वडा नं. १, २ र ३ मा पर्ने रिङरोड कालोपत्रे गर्ने ।
२. कालिखोला मेची राजमार्गदिखि वडा नं. ४ वडा कार्यालय जोड्ने २ कि.मि. सडक कालोपत्रे गर्ने ।
३. साविक शान्तिनगर २ हाल बुद्धशान्ति ६ को उत्तम चोकबाट कुरुङ खोलासम्म करिव ५ कि.मि. सडक कालोपत्रे गर्ने ।
४. वडा कार्यालय भवन निर्माण वडा नं. ७
५. सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण वडा नं. ७
६. धारागोला भ्यूटावर जाने बाटो र जरेबर पर्यटकीय क्षेत्रमा जाने बाटो कालोपत्रे गर्ने ।

Scanned by CamScanner

**प्रस्ताव नं. ८ - सुविधा उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा गाउँपालिकाको आन्तरिक श्रोत र प्रदेश राजश्व वाडफाड शिर्षकबाट मिलान हुनेगरी प्रदेश सरकारबाट पारित पारिश्रमिकमा बैठक भत्ता बाहेक देहाय बमोजिम मासिक थप सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो

तपशिल

१. वडा सदस्यहरु रु १५००।०० (रु एक हजार पाँच सय मात्र)

२. कार्यपालिका सदस्यहरु रु २५००।०० (रु दुई हजार पाँच सय मात्र)

३. वडाध्यक्षहरु रु ५०००।०० (रु पाँच हजार मात्र)

४. अध्यक्ष / उपाध्यक्ष रु ५०००।०० (रु पाँच हजार मात्र)

**प्रस्ताव नं. ९ - ऐन तथा कार्यविधि तयार गर्ने सम्बन्धमा।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको चौथो गाउँसभामा पेश हुनेगरी छलफलका लागि आवश्यक पर्ने विभिन्न ऐन तथा कार्यविधि तयार गरी विधायन समितिमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० - विविध ।**

निर्णयः प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा देहाय अनुसार गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. यस गाउँपालिका अन्तर्गत संचालन हुने सरकारी भवन निर्माण गर्दा लागत सहभागिता लागु नगर्ने निर्णय गरियो ।

२. वुधवारे बजारलाई व्यवस्थित गर्न गाउँपालिका, उद्योग वाणिज्य संघ, बजार व्यवस्थापन समिति र वन वातावरण तथा प्रकोप व्यवस्थापन समिति समेतको संयुक्त बैठक २०७५/१०/१८ गतेका दिन बस्ने निर्णय गरियो ।

३. भिटौरी कर संकलनका लागि नगदी रसिद र संकलन रजिष्टर छपाइ गरी वडा नं. ४ लाई यथासिघ्र उपलब्ध गराउने निर्णय गरियो ।

४. कार्यक्रम संचालनको लागि देहायका संघ संस्थालाई सार्वजनिक संस्था सुदृढीकरण तथा सवलिकरण कार्यक्रमबाट तपशिल बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।
   - भवानी घिमिरे स्मृति प्रतिष्ठानलाई ७५०००।००
   - गैह्र सरकारी संस्था महासंघलाई ५००००।००

५. मिति २०७५/०९/१९ को कार्यपालिका बैठकबाट पृथ्वीज्यन्ती तथा राष्ट्रिय एकता दिवस समारोह समितिलाई उपलब्ध गराउने निर्णय भएको रकम रु २०,०००।०० सम्बन्धित शिर्षकमा पर्याप्त बजेट अभाव भएकोले उक्त रकम सि.नं. ४२ कला साहित्य तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन शिर्षकबाट भुक्तानी गरिएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

अन्य प्रस्ताव नभएकाले अध्यक्षज्यूबाट धन्यवाद सहित बैठक समापन गरियो ।

Scanned by CamScanner

त्रिपन्नौं बैठक

आज मिति २०७५ साल माघ २३ गते बुधबारका दिन विहान ७:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. श्री यमुना चापागाई | (गा.का.पा. सदस्य) |
| ११. श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. श्री दुगदिवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

देवेन्द्र दाहाल को.प्र.

अनिल घिमिरे लेखा अधिकृत

कमल प्रसाद गहतराई, लेखापाल

~~प्रमोद कुमार खुलाल, कम्प्युटर अपरेटर~~

मिना विष्ट, स.प्र.वि.नि.

मनोज कार्की डाली, कार्यालय सहयोगी

Scanned by CamScanner

**प्रस्ताव नं.१ गाउँसभा पेश हुने संसोधित बजेट र कार्यक्रम सम्वन्धमा :-**
**निर्णय** : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा.को तेस्रो गाउँसभा बाट पारित वजेट अन्तरगत अवण्डामा रहेको रकम तथा रकमान्तर गरी अन्य शिर्षकमा खर्च भएको रकम आगामी चौथो गाउँसभा बाट अनुमोदन गराउनका लागि प्रत्येक वडा तथा गाउँपालिका बाट एकीन गरी २०७५।१०।२५ गते भित्र गाउँपालिकामा पेश गर्ने निर्णय गरीयो ।

**प्रस्ताव न २. विधेयक तयारी गर्ने सम्बन्धमा ।**
**निर्णय** :- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गा.पा.को चौथो गाउँसभामा पेश हुने तपसिल अनुसारका विधेयकहरु अध्ययनको लागि सवै गाउँ सभासदहरुलाई ४८ घण्टा अगावै उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:-

१. सहकारी विद्येयक
२.संघ संस्था दर्ता विद्येयक
३. न्यायीक कार्यविधि व्यवस्थित गर्ने सम्वन्धि विद्येयक
४. खेलकुद कार्यविधि विद्येयक
५.अपाङ्गता /जेष्ठनागरिक सम्वन्धि कार्यविधि विद्येयक
६.सामाजिक सुरक्षा संचालन कार्यविधि विद्येयक ।

**प्रस्ताव न. ३,पर्यटकीय स्थलको डि.पि.आर तयार गर्ने सम्वन्धमा :-**
**निर्णय** :-प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको वजेट शिर्षक नं ३११७२( शि.नं १२६) को पर्यटकिय गुरुयोजना निर्माण तथा सम्भाब्यता अध्ययन ड्रइङ डिजायन तथा नक्सा सम्वन्धि काम को व्यवस्था भएको रकम रु ५०००००।-(पाँचलाख) बाट देहायका पर्यटकिय क्षेत्रहरुको डिपिआर तयार गर्ने निर्णय गरियो ।

१.ठूटे बर पर्यटकिय क्षेत्र वडा नं -६
२.जरेवर पर्यटकिय क्षेत्र -वडा नं ७

**प्रस्ताव न.** (४) आंगिक क्याम्पस संञ्चालन सम्बन्धमा :-
**निर्णय** :- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिका भित्र रहेका विद्यार्थीहरुका लागि प्रविधिक शिक्षा प्रदान गर्न उपयुक्त स्थानमा आंगिक क्याम्पस संञ्चालन गर्न सिटिईभिटिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.** (५) अनुमति दिने सम्बन्धमा ।
**निर्णय** :- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुद्धशान्ति - २ स्थित आदर्श मा.वि. जयपुरलाई कम्प्यूटर बिज्ञान बिषयमा प्राबिधिक शिक्षा अध्यापनको लागि अनुमति दिई सिफारिस गर्ने निर्णय गरियो

Scanned by CamScanner

**प्रस्ताव न (६) विविध :-**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर

छलफल गर्दा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय गरीयो ।

(क) ऐलानी पर्ती जग्गामा बनेका घरहरुको देहाय वमोजिम हुनेगरी धुरीकर कायम गर्ने ।

१. भाटाले टिन च्यापेको घर -५०।-

२. सेन्टरबेरा भएको टीनको घर -१००।-

३.इटा लगाएको टिनको घर -१५०।-

४. काठको टाँडेघर -२००।-

५.चारकोठे आरसिसि पक्की घर -३००।-.

६.चारकोठे आरसिसि पक्की दुईतले घर -३५०।-

६.पाचकोठे आरसिसि पक्की एकतले घर -४००।-

७.पाचकोठे आरसिसि पक्की दुईतले घर -४५०।-

७.६कोठे आरसिसि पक्की एकतले घर -५००।-

८ ६कोठे आरसिसि पक्की दुईतले घर -५५०।-

(ख) वडा नं ३ को सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएको सम्बन्धमा छानविन गर्न गठन भएको छानविन समितिले ३ दीन भित्रमा प्रतिवेदन पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

(ग) वजेटको सि.नं. १२३ (३११५९) को पेट्रोल पम्प पुलचोक नमुना सडकको विकास ( सुपारीको प्रतिमा निर्माण समेत) शिर्षक बाट उक्त सडकमा परेका विद्युत पोल व्यवस्थित गर्ने निर्णय गरियो ।

(घ) बुधवारे बजार बाट निस्किएको फोहर व्यवस्थापनका लागि वडा नं -३ को चिलिमगढी दक्षिण बिचारी गाउँ र वडा नं ५ को पचासे मध्ये कुन स्थान उपयुक्त हुन्छ अध्ययन गरी पाँच दिन भित्रमा प्रतिवेदन पेश गर्न बन वातावरण तथा प्रकोप व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

(ङ)बुद्धशान्ति गा.पा. भरी रहेको अव्यवस्थित बसोबासलाई नाप नक्सा गरी व्यवस्थित गरी दिन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

(च) वर्ने चिया कमान भित्रका रुखहरु कटान भएको सम्बन्धमा डिबिजन बन कार्यालय झापामा बिस्तृत विवरण माग गर्ने निर्णय गरियो ।

(छ) यस बुद्धशान्ति गा.पा का सवारी साधनहरुलाई पारदर्शि तवरले संञ्चालन गर्ने र दुरुप्रयोग हुन नदिने साथै कर्मचारीहरुलाई समेत मापदण्ड बनाई आवस्यक्ता अनुसार ईन्धन उपलब्ध गराउने निर्णय गरियो ।

(ज) श्री माध्यमिक विद्यालय वर्नेको माग निवेदन वमोजिम "सार्वजनिक संस्था सुदृढिकरण तथा सवलीकरण कार्यक्रम" शिर्षक वाट अवलोकन भ्रमणका लागि रु २०,०००।-(अक्षरेपी रु बिस हजार मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

अन्य प्रस्तव नभएकाले अध्यक्ष ज्यू बाट स-धन्यबाद वैठक समापन गरियो ।

Scanned by CamScanner

चौवन्नौं बैठक

आज मिति २०७५ साल माघ २८ गते सोमबारका दिन विहान ७:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

| | |
|---|---|
| श्री अनिल घिमिरे | लेखा अधिकृत |
| श्री देवेन्द्र दाहाल | ना.सू. |
| श्री कमलप्रसाद भट्टराई | लेखापाल |
| श्री झनककुमार खुलाल | क.अ. |
| श्री विमला भण्डारी | का.स. |

Scanned by CamScanner

पचपन्नौं बैठक

आज मिति २०७५ साल माघ २८ गते सोमबारका दिन विहान ७:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

| | |
|---|---|
| श्री अनिल घिमिरे | लेखा अधिकृत |
| श्री देवेन्द्र दाहाल | ना.सू. |
| श्री कमलप्रसाद भट्टराई | लेखापाल |
| श्री झनककुमार खुलाल | क.अ. |
| श्री विमला भण्डारी | का.स. |

Scanned by CamScanner

**प्रस्ताव नं. १ : छानविन समितिको प्रतिवेदन सम्वन्धमा ।**

निर्णय : प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा यस कार्यपालिकाद्धारा मिति २०७५/०५/२२ गते गठित वडा नं. ३ स्थित सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएको सम्वन्धमा छानविन गर्न गठन भएको छानबिन समिति का संयोजक श्री भगवती शर्मा खतिवडा वाट प्रश्तुत भएको छानविन प्रतिवेदन स्विकार गर्ने निर्णय गरियो साथै सो सम्वन्धमा छलफलका लागी मिति २०७५ /११/२ गतेका दिन तपशिल अनुसारका व्यक्ति वोलाउने निर्णय गरियो ।

तपशिल

१) ने.क पा वाट श्री टिका पाठक र श्री प्रेम नेम्वाङ्ग
२) ने.का वाट श्री चक शेर्मा र श्री पहलमान बराल
३) रा.प्र.पा. वाट श्री नारायण न्यौपाने
४) मंगोल नेशनल अर्गनाईजेशन वाट श्री मंगल सिंह लिम्वु
५) संघिय लिम्वुवान राज्य परिषद वाट श्री पूर्ण तवेवुङ
६) श्री दिननाथ ढकाल, पूर्व प्रधानपंञ्च
७) श्री मेघनाथ ढकाल, पूर्व प्रधानपंञ्च
८) श्री खडानन्द वाग्ले, पूर्व गा.वि.स अध्यक्ष
९) श्री रुद्र प्रसाद चापागाई -उद्योग वाणिज्य संघ अध्यक्ष
१०) श्री याम वहादुर आले- बजार व्यवस्थापन समिति अध्यक्ष
११) श्री दिपेन्द्र संग्रौला -सामुदायिक प्रहरी ईकाइ अध्यक्ष
१२) श्री वसन्त नेपाल - कानुन व्यवसायी

**प्रस्ताब नं. २ : गाउँ सभामा पेश हुने विधेयक तथा कार्यबिधि सम्बन्धमा ।**

निर्णय : प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा यस कार्यपालिकाद्धारा चौथो गाउँ सभामा पेश हुने तपशिल अनुसारका विधेयक, कार्यविधि तथा संसोधित वजेट पारित गर्ने निर्णय गरियो ।

तपशिल

१) बुद्धशान्ति गाउँपालिकाको पदाधिकारीहरुको आचारसंहिता २०७५ ।
२) " " स्थानिय कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्ने वनेको विधेयक २०७५ ।
३)न्यायिक समितिको उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७५ ।
४) कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७५ ।
५) संघ संस्था दर्ता बिधेयक २०७५
६) सहकारी विधेयक २०७५
७) खेलकुद संचालन सम्बन्धी कार्यविधि २०७५
८) विपद व्यवस्थापन कोष (संचालन) कार्यबिधि २०७५
९) उपभोक्ता समिति (संचालन) कार्यबिधि २०७५
१०) अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७५

Scanned by CamScanner

**प्रस्ताव नं. ३ : लघु उद्यम विकास कार्यक्रम संचालन सम्वन्धमा ।**

निर्णय : वर्षिक योजना तथा कार्यक्रम पुस्तिकाको सिं नं ७६,७७,र ७८मा उल्लेखित आदिवासी ,जनजाती ,गरीवतथा विपन्न र दलित जातिको लागी व्यवस्था गरिएको लघु उद्यम विकास कार्यक्रम बाट सवारी चालक तालिम संचालन गर्ने र सो तालिममा समावेशी ढंगले देहायका वडाहरुवाट देहायको संख्यामा सहभागी गराउने निर्णय गरियो ।

| वडा नं. | सम्वन्धित संख्या |
|---|---|
| १ | १७ |
| २ | १४ |
| ३ | १७ |
| ४ | १९ |
| ५ | १२ |
| ६ | ११ |
| ७ | १० |

सि.नं ७९ मा उल्लेखित महिलाहरुकालागि लघुउद्यम विकास कार्यक्रमवाट ढाका वुनाई र व्यग वनाउने तालिम सञ्चालन गर्ने ,साथै सि नं.३२ एकल महिलाका लागी टेम्पो ड्राईभिङ तालिमकालागी प्रत्येक वडा बाट २/२ जना २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका साधारण लेखपढ गर्न सक्ने एकल महिला छनौटगरी सवारी चालक तालिमका लागी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ खाता बन्द गर्ने सम्बन्धमा**

निर्णय प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा साविक शान्तिनगर गा.वि.स.को एक्सल डेभलवमेन्ट वैक लि.मा तीन वटा अलग अलग खातामा रहेको रकम नेपाल सरकारको नीति अनुसार गाउँपालिकाको एक मात्र संञ्चित कोष रहने र सो सम्वन्धि सम्पूर्ण आम्दानी संञ्चितकोषमा आम्दानी वाध्नुपर्ने भएकाले यस गाउँपालिकाको संञ्चित कोष खाता नं ८५CA४९९५१३५२४००७ मा तत्काल रकम जम्मा गराई खाता वन्द गर्न लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : प्रगती समिक्षा सम्बन्धमा ।**

निर्णय : प्रस्तुत प्रस्ताव माथि छलफल गर्दा यस कार्यपालिकाद्धारासञ्चालित वडागत तथा कार्यालयर्गत सञ्चालन भएका विभिन्न योजना तथा कार्यक्रमहरुको अर्धवार्षिक प्रगती समिक्षा गरियो ।

**प्रस्ताव नं. ६ गाउँपालिकाको प्रतिक चिन्ह(लोगो) स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रश्तुत प्रस्ताव उपर छलफल गर्दा कार्यालयबाट तयार पारी पेश भएको बुद्धशान्ति गा. पा. को मौलिकता झल्कने प्रतिक प्रतिक चिन्ह(लोगो) प्रयोगका लागी अनुमती सहित स्वीकृतीका लागी चौथो गाउँ सभामा पेश गर्ने निर्णय गरीयो ।

Scanned by CamScanner

**प्रस्ताव नं. ७ विविध**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क) आदर्श मा. वि बुद्धशान्ति १ को पुर्नविचार सम्वन्धि पत्र आजको वैठकमा पेश भई छलफल हुंदा साविककै निर्णय अनुसार गर्ने निर्णय गरियो ।

ख) न्यायिक समितिका संयोजक श्री मिरा भुर्तेल समेतको निवेदन उपर छलफल गर्दा आन्तरीक आम्दानीको अवस्था समेतका आधारमा लेखा शाखाको राय लिई सोही बमोजिम हुनेगरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

ग) बुद्धशान्ति गा.पा. २ नं. वडा कार्यालयको माग अनुसार २ नं. वडा कार्यालय भवनको अभावमा कार्यालय संचालनमा कठिनाई परिरहेको र भवन निर्माणको लागी ३ कठ्ठा जग्गा प्राप्त भएकोले उक्त जग्गामा वडा कार्यालय भवन निर्माणको लागी जिल्ला समन्वय समिति, झापामा माग गर्ने निर्णय गरियो ।

घ) वन वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन उपर छलफल गर्दा आगामी चौथो गाउँ सभामा अनुमोदनका लागी पेश गर्ने निर्णय गरियो ।

ङ) दामा खोला पुल निर्माणकोलागि गत आ.व.मा यस गाउँपालिकालाई प्राप्त रकम रु ३० लाख असार अन्तिममा मात्र प्राप्त भई कार्यान्वयन हुन नसकी वजेट फ्रीज हुने अवस्था सिर्जना भएको हुंदा उक्त पुल क्रमागत रुपमा संचालन हुने योजना भएकोले उक्त रकम फ्रिज हुन नदिन र सो रकम बाट उक्त आयोजना संचालन गर्न अनुमोदनका लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ शोक प्रस्ताव सम्बन्धमा ।**

निर्णय : फाल्गुनन्द गा.पा.पाँचथरका अध्यक्ष श्री अम्वर कुमार नेम्वाङको मिति २०७५/१०/२६ गतेका दिन भएको असामयिक निधनको खबरले यस बुद्धशान्ति गा.पा. स्तब्ध र मर्माहित भएको छ उहाँको आत्माले चिरशान्ति प्राप्त गरोस भनी प्रार्थना गर्दै शोक सन्तप्त परिवार जन र फागुनन्द गा.पा. लाई हार्दिक समबेदना व्यक्त गर्दछौं ।

Scanned by CamScanner

५५ औं बैठक

आज मिति २०७५ साल फाल्गुण १९ गते आइतबार विहान ७:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

१. श्री अनिल घिमिरे ले.अ.

२. श्री देवेन्द्र दाहाल लो.सु.

३. श्री कमल प्र. भट्टराई ले.पा.

४. श्री छत्र ब रसुलाल के.अ.

५. श्री मनोज कुमार अधिकारी क.अ.

Scanned by CamScanner

**प्रस्ताव न १:- समपुरक कोषको रकमबाट कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बुद्धशान्ति-१ र ३ को सिमानामा पर्ने न्यूरोड सडक जीर्ण अवस्था रहेकोले उक्त सडक पुन निर्माण गर्नका लागि ७०% ३०% कार्यक्रम अन्तर्गत साझेदारीमा कार्य गर्ने भनि उपभोक्ता समिति गठन भई लागत अंक रु १२७५२७५।०३ को ३०% रकम बैंक जम्मा गरी भौचर समेत पेश हुन आएकोले समपुरक कोषबाट ७०% रकम व्यहोर्ने गरी उक्त योजना संचालनको स्वीकृति दिने निर्णय गरियो।

**प्रस्ताव नं. २ :- ल्याण्डफिल्ड साइड सम्झौता सम्बन्धमा।**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा वन वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस बमोजिम यस गाउँपालिकाको चौथो गाउँसभाले स्वीकार गरेको बुद्धशान्ति ५ बस्ने लोकबहादुर तामाङ र जयबहादुर तामाङको नाममा साविक शान्तिनगर ४ कि.नं. ३४७ र ३४६ को ज.वि. ०१-०२-०० (एक विगाहा दुई कठ्ठा) जग्गा ४ वर्षको लागि कर सहित भाडा रु ३०००००।०० (तीन लाख मात्र) भाडा तिर्ने गरी भाडामा लिन सम्झौता गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ३ :- मध्यस्थ समितिको व्यवस्थापन सम्बन्धमा।**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिका अन्तर्गत प्रत्येक वडामा रहेको मध्यस्थ समितिको कार्य सम्पादन चुस्त दुरुस्त बनाउनका लागि फर्निचर तथा फर्निसिङ शिर्षकबाट प्रत्येक वडामा १०/१० थान प्लास्टिकका कुर्सी, १/१ थान दराज र टेवल खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ४:- कार्यविधि पारित गर्ने सम्बन्धमा।**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धि ऐन २०७५ को अधिनमा रहि तयार पारिएको संघ संस्था दर्ता सम्बन्धि मापदण्ड तथा कार्यविधि २०७५ छलफल सहित पारित गरियो।

**प्रस्ताव नं. ५:- कार्यक्रम संचालन सम्बन्धमा।**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा संघीय सरकारबाट प्राप्त देहायका कार्यक्रम देहायका विद्यालयमा संचालन गर्ने निर्णय गरियो।

| | कार्यक्रम | विद्यालय |
|---|---|---|
| १. | ICT | मा.वि. बर्ने |
| २. | पुस्तकालय | राष्ट्रिय विजय मा.वि. |
| ३. | विज्ञान प्रयोगशाला | बुद्धआदर्श मा.वि. |

**प्रस्ताव नं. ६:- प्रोत्साहन रकम बाँडफाँड सम्बन्धमा।**

निर्णयः- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा विद्यालयमा कार्यारत सहयोगी कार्यकर्ता र विद्यालयहरुलाई कार्यविधि २०७५ अनुसार देहाय बमोजिम प्रोत्साहन रकम एकमुष्ठ रुपमा विद्यालयको खातामा निकासा दिने निर्णय गरियो।

Scanned by CamScanner

## सहयोगी कार्यकर्ता तर्फ

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | वार्ड नं. | कर्मचारीको नाम थर | प्रकार | नेपाल सरकारबाट प्राप्त रकम | मासिक थप रकम | पोशाक बापत | वार्षिक थप जम्मा रकम | कार्य प्रकिया |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति | १ | मधुमाया पाठक | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | विद्यालयको खातामा एकमुष्ट निकासा |
| २ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति | १ | रीता शर्मा दाहाल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ३ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति | १ | कमला लुईटेल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ४ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति | १ | देवीमाया अधिकारी ढकाल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ५ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | ननदकुमार श्रेष्ठ | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ६ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | पुष्पा उप्रेती | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ७ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | इनदमाया अधिकारी | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ८ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | लिला भट्टराई | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ९ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | हेमन्ता दाहाल भण्डारी | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १० | आदर्श मा.वि. | बुद्धशान्ति | २ | कल्पना नेपाली | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ११ | शान्ति आदर्श मा.वि. | बुद्धशान्ति | ६ | विमला वस्नेत | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १२ | गडिगाउँ मा.वि. | बुद्धशान्ति | ५ | अम्बिका सापकोटा | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १३ | गडिगाउँ मा.वि. | बुद्धशान्ति | ५ | छलिमाया सुनुवार | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १४ | गडिगाउँ मा.वि. | बुद्धशान्ति | ५ | मनिका तामाङ | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १५ | त्रिभूवन मा.वि. | बुद्धशान्ति | १ | रचना पुरी | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १६ | त्रिभूवन मा.वि. | बुद्धशान्ति | १ | निर्मला चापागाई निरौला | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १७ | गणेश मा.वि. | बुद्धशान्ति | ४ | गिता लिम्बु | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १८ | राष्ट्रिय विजय मा.वि. | बुद्धशान्ति | ७ | कुमारी लमवती | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| १९ | राष्ट्रिय विजय मा.वि. | बुद्धशान्ति | ७ | कल्पना राई | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | विद्यालयको खातामा एकमुष्ट निकासा |
| २० | मा.वि.वर्ने | बुद्धशान्ति | ४ | गंगादेवी राई | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २१ | मा.वि.वर्ने | बुद्धशान्ति | ४ | पुष्पा दाहाल उप्रेती | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २२ | सरस्वती आ.वि. | बुद्धशान्ति | २ | चनद्रकला लम्जेल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २३ | सरस्वती आ.वि. | बुद्धशान्ति | २ | जानुका खतिवडा | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २४ | सरस्वती आ.वि. | बुद्धशान्ति | २ | कमलादेवी घिमिरे | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २५ | सरस्वती आ.वि. | बुद्धशान्ति | २ | बिष्णुमाया मिश्र | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २६ | नमुना आ.वि. | बुद्धशान्ति | १ | दुर्गा घिमिरे | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २७ | नमुना प्रा.वि. | बुद्धशान्ति | ४ | चन्द्रकला दर्जी | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| २८ | नमुना प्रा.वि. | बुद्धशान्ति | ४ | सुनिता लिम्बु | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |

Scanned by CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | नवकिरण आ.वि. | बुद्धशान्ति | ३ | नीरादेवी खतिवडा पोख्रेल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ३० | जनज्योति आ.वि. | बुद्धशान्ति | ५ | धनमाया सार्की | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ३१ | शिशु सुधार प्रा.वि | बुद्धशान्ति | ३ | सुजना पौडेल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ३२ | शिशु सुधार प्रा.वि | बुद्धशान्ति | ३ | एलिना पताने | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ३३ | गौतम बुद्ध प्रा.वि. | बुद्धशान्ति | ५ | कल्पना कटुवाल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ३४ | आदर्श प्रा.वि. | बुद्धशान्ति | ६ | ममता पौडेल | सहयोगी कार्यकता | ६००० | १००० | ६००० | १८००० | |
| ३५ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति | १ | हरिप्रसाद भण्डारी | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ३६ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | प्रेमबहादुर पोखरेल | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ३७ | शान्ति आदर्श मा.वि. | बुद्धशान्ति | ६ | दिलानाथ धिताल | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ३८ | गडिगाउँ मा.वि. | बुद्धशान्ति | ५ | तुलाराम बाँस्तोला | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ३९ | त्रिभूवन मा.वि. | बुद्धशान्ति | १ | गंगाप्रसाद भट्टराई | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | विद्यालयको खातामा एकमुष्ट निकासा |
| ४० | गणेश मा.वि. | बुद्धशान्ति | ४ | कृष्णप्रसाद रेग्मी | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ४१ | राष्टि य विजय मा.वि. | बुद्धशान्ति | ७ | देवीमाया भट्टराई | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ४२ | मा.वि.वर्ने | बुद्धशान्ति | ४ | लोकबहादुर ठकुरी | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ४३ | सरस्वती आ.वि. | बुद्धशान्ति | २ | सोमनाथ खतिवडा | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ४४ | नमुना आ.वि. | बुद्धशान्ति | १ | बिष्णुमाया नेपाल | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ४६ | नवकिरण आ.वि. | बुद्धशान्ति | ३ | शशीकला भण्डारी | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ४७ | जनज्योति आ.वि. | बुद्धशान्ति | ५ | लक्ष्मीप्रसाद पौडेल | विद्यालय सहयोगी | ७५०० | १००० | ६००० | १८००० | |
| ४८ | शिशु सुधार प्रा.वि | बुद्धशान्ति | ३ | रिता अधिकारी | विद्यालय सहयोगी | ४५०० | २५०० | ६००० | ३६००० | |
| ४५ | नमुना प्रा.वि. | बुद्धशान्ति | ४ | प्रेमबहादुर मगर | विद्यालय सहयोगी | ४५०० | २५०० | ६००० | ३६००० | |
| ४९ | गौतम बुद्ध प्रा.वि. | बुद्धशान्ति | ५ | कृष्णप्रसाद भट्टराई | विद्यालय सहयोगी | ४५०० | २५०० | ६००० | ३६००० | |
| ५० | आदर्श प्रा.वि. | बुद्धशान्ति | ६ | अनिता माले परियार | विद्यालय सहयोगी | ४५०० | २५०० | ६००० | ३६००० | |
| ५१ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति | १ | डिल्लीराम काफ्ले | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| ५२ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | बेदकुमार श्रेष्ठ | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| ५३ | शान्ति आदर्श मा.वि. | बुद्धशान्ति | ६ | बिष्णुप्रसाद अधिकारी | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| ५४ | गडिगाउँ मा.वि. | बुद्धशान्ति | ५ | भल्लनाथ गौतम | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| ५५ | त्रिभूवन मा.वि. | बुद्धशान्ति | १ | तीर्थराज पौडेल | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| ५६ | गणेश मा.वि. | बुद्धशान्ति | ४ | श्यामप्रसकद कट्टेल | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| ५७ | राष्टि य विजय मा.वि. | बुद्धशान्ति | ७ | कनकराज राई | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| ५८ | मा.वि.वर्ने | बुद्धशान्ति | ४ | डम्बर शिवाकोटी | विद्यालय कर्मचारी | ११५०० | १००० | ६००० | १८००० | |
| | | | | कुल जम्मा | | | | | १११६००० | |

Scanned by CamScanner

## विद्यालय तर्फ

| क.सं. | विद्यालयको नाम | ठेगाना | वार्ड नं. | सञ्चालित कक्षा | शिक्षाको माध्यम | दरबन्दी | | | विद्यार्थी संख्या | प्रोत्साहन रकम | कार्य प्रकिया |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ.वि. | मा.वि. | जम्मा | | | |
| १ | बुद्ध आदर्श मा.वि. | बुद्धशान्ति | १ | १ – १२ | नेपाली | २० | ८ | २८ | १४४४ | ९५००० | विद्यालयको खातामा एकमुष्ट निकासा |
| २ | आदर्श मा.वि. | बुद्धशान्ति | २ | १ – १२ | नेपाली, अंग्रेजी १-९ | १४ | ५ | १९ | ६७२ | २४०००० | |
| ३ | शान्ति आदर्श मा.वि. | बुद्धशान्ति | ६ | १ – १२ | नेपाली, अंग्रेजी १-५ | ९ | ५ | १४ | ४३० | | |
| ४ | गडिगाउँ मा.वि. | बुद्धशान्ति | ५ | १ – १२ | नेपाली | १० | ५ | १५ | ४३५ | | |
| ५ | त्रिभूवन मा.वि. | बुद्धशान्ति | १ | १ – ११ | नेपाली, अंग्रेजी १-५ | ११ | २ | १३ | ३५८ | | |
| ६ | गणेश मा.वि. | बुद्धशान्ति | ४ | १ – १० | नेपाली | १५ | १ | १६ | ४५० | | |
| ७ | राष्टि य विजय मा.वि. | बुद्धशान्ति | ७ | १ – १० | नेपाली | ११ | १ | १२ | २४५ | २४०००० | |
| ८ | मा.वि.वर्ने | बुद्धशान्ति | ४ | १ – १० | नेपाली | १३ | १ | १४ | ३७२ | १४०००० | |
| ९ | सरस्वती आ.वि. | बुद्धशान्ति | २ | १ – ७ | नेपाली | ७ | | ७ | १२० | | |
| १० | नमुना आ.वि. | बुद्धशान्ति | १ | १ – ८ | नेपाली | ९ | | ९ | २२१ | | |
| १२ | नवकिरण आ.वि. | बुद्धशान्ति | ३ | १ – ८ | नेपाली | ८ | | ८ | १५६ | | |
| १३ | जनज्योति आ.वि. | बुद्धशान्ति | ५ | १ – ८ | नेपाली | ८ | | ८ | १२२ | | |
| १४ | शिशु सुधार प्रा.वि | बुद्धशान्ति | ३ | १ – ५ | नेपाली, अंग्रेजी १-२ | ४ | | ४ | ४६ | | |
| ११ | नमुना प्रा.वि. | बुद्धशान्ति | ४ | १ – ५ | नेपाली | ५ | | ५ | १०७ | | |
| १५ | गौतम वुद्ध प्रा.वि. | बुद्धशान्ति | ५ | १ – ५ | नेपाली | ३ | | ३ | ५६ | ८२००० | |
| १६ | आदर्श प्रा.वि. | बुद्धशान्ति | ६ | १ – ५ | नेपाली | ३ | | ३ | १९ | ४५००० | |
| कुल जम्मा | | | | | | | | | | ८४२००० | |

**प्रस्ताव नं. ७:- विविध।**

निर्णय:- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा देहाय अनुसार गर्ने निर्णय गरियो।

१ शारिरिक सुगठनका खेलाडी सुनिल बुढाथोकीलाई पुरस्कार र सम्मान शिर्षकबाट रु १५०००।०० नगद र प्रमाण पत्र द्वारा सम्मान गर्ने निर्णय गरियो।

२ बुद्धशान्ति ३ बस्ने गौरीशंकर शाहलाई हात्तीपाइले रोगको उपचारको लागि भारतको दिल्ली जाने भएकोले आर्थिक सहायता शिर्षकबाट रु १००००।०० (अक्षरेपी रु दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

३ आनन्देश्वर शिव मन्दिर समितिको माग अनुसार शौचालय निर्माणका लागि ससर्त अनुदान तर्फको विद्यालय शौचालय कार्यक्रम अन्तर्गत १ वटा शौचालय ब्लक उपलब्ध गराउने निर्णय गरियो।

४ यस बुद्धशान्ति गाउँपालिकाको चौथो गाउँसभा संचालनकै क्रममा बुद्धशान्ति २ का वडाध्यक्ष श्री दीलिप श्रेष्ठ अचानक मुटुमा समस्या भई उपचारार्थ रहनु भएकोले वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै

Scanned by CamScanner

आर्थिक सहायता शिर्षकबाट रु ४०,०००।०० (अक्षरेपी रु चालिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

५. वडा नं ५ आलेगौंडा टिमाई तटवन्धनमा भएको खर्च एकिन गरी खर्च भई सकेको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

६. यस बुद्धशान्ति गाउँपालिका अन्तर्गत रहेका काठका विद्युत पोलहरु र भाँचिएका तथा लडेका विद्युत पोलहरु यथासिघ्र हटाई पक्की पोल लगाई दिन विद्युत प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

७. बुद्धशान्ति -३ स्थित कल्याणकारी राजवंशी समाज समितिलाई अष्टजाम कार्यक्रमका लागि लैंगिक समानता तथा सामाजिक समाबेशिकरण सम्वन्धि कार्यक्रमबाट रु २०,०००।००(अक्षरेपी बिस हजार रुपयाँ मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

८. शिक्षा तर्फको बैकल्पिक उर्जा तर्फ विनियोजित शिर्षकबाट २ थान प्रोजेक्टर र १ थान कम्प्यूटर प्रिन्टर खरिद गरी विद्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

९. मिति २०७५ फाल्गुन २१ गते नेपालका प्रधानमन्त्री सम्माननीय के.पी. शर्मा ओलीको उपस्थितीमा शहिद शाहदत स्थलमा हुने कार्यक्रमका लागि संविधानसभा सदस्य प्रेम गिरीले माग गर्नुभएको रु ३२,०००।-(अक्षरेपी रु बत्तिस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ८:- शोक प्रस्ताव**

निर्णयः- नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्री रविन्द्र अधिकारी सहित सात जना व्यक्तिको मिति २०७५/११/१५ गते हेलिकप्टर दुर्घटनामा परी मृत्यु भएको र नेकपाका नेता भरत मोहन अधिकारीको मिति २०७५/११/१८ गते भएको असामयीक निधनको खबरले यस बद्धशान्ति गाउँपालिका मर्माहित र स्तब्ध भएको छ । दुःखको यस घडीमा परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भनि प्रार्थना गर्दै मृतात्माको चिर शान्तिको कामना गर्दै हार्दिक समवेदना सहित शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

२६ औं बैठक

आज मिति २०७५ साल फाल्गुण ३० गते विहिबार साँझ ५:०० बजे यस बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष श्री रमेशकुमार भुजेलज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्ताव माथि छलफल गरी पारित गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री रमेशकुमार भुजेल | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री मिरा भुर्तेल | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री भीमकुमार नेवार | (वडाध्यक्ष वडा नं. १) |
| ४. | श्री दिलीप श्रेष्ठ | (वडाध्यक्ष वडा नं. २) |
| ५. | श्री कमलप्रसाद उप्रेती | (वडाध्यक्ष वडा नं. ३) |
| ६. | श्री बुद्धिमान लिम्बु | (वडाध्यक्ष वडा नं. ४) |
| ७. | श्री बासुदेव खतिवडा | (वडाध्यक्ष वडा नं. ५) |
| ८. | श्री शम्भुप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ६) |
| ९. | श्री मात्रिकाप्रसाद पौडेल | (वडाध्यक्ष वडा नं. ७) |
| १०. | श्री यमुना चापागाईं | (गा.का.पा. सदस्य) |
| ११. | श्री भगवती शर्मा खतिवडा | (गा.का.पा. सदस्य) |
| १२. | श्री दुर्गादेवी ढुंगेल पोखरेल | (गा.का.पा. सदस्य) |
| १३. | श्री रितादेवी बराल | (गा.का.पा. सदस्य) |
| १४. | श्री रोहित तोलाङ्गी | (गा.का.पा. सदस्य) |
| १५. | श्री गणेश धिमाल | (गा.का.पा. सदस्य) |
| १६. | श्री छविलाल खतिवडा | (प्रमुख प्रशासकीय अधिकृत) |

**आमन्त्रित**

श्री अनिल घिमिरे लो.अ.

श्री देवेन्द्र डाहाल ?.मु.

श्री कमल भट्टराई लो.पा.

श्री मिना विष्ट सं.क.वि.नि.

श्री विमला भण्डारी - क.अ.

**१ प्रस्ताव नं.१.ज्यालादारी कर्मचारी व्यवस्थापन सम्वन्धमा**

निर्णय- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस गाँउपालिका अन्तरगत वडा नं. १,२,५,६ र ७ नं वडाहरु मा ज्यालादारीमा कामकाज गराउँदै आएकोमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०७९ मिति २०७५।१०।०९ को पत्रबाट दैनिक ज्यालादारीमा काम गर्नु नगराउनु भनि लेखी आएको हुँदा उक्त वडाहरुमा कार्यरत ज्यालादारी कर्मचारीहरुलाई मिति २०७५।१२।०१ गते देखि लागु हुने गरी कामकाज नगराउने र निजहरुलाई कामबाट हटाईए पश्चात वडा कार्यालयहरुको कामलाई चुस्त दुरुस्त बनाउनका लागि उक्त वडाहरुमा १/१ जना कार्यालय सहयोगी करारमा नियुक्त गरी कामकाज गराउने निर्णय गरीयो । साथै निजहरुलाई मासिक १२,५००।-पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.२. प्राविधिक कर्मचारीलाई थप सुविधा सम्वन्धमा**

निर्णय- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिकामा कार्यरत तपसिल अनुसारका प्राविधिक कर्मचारीहरुलाई साविकमा खाईपाई आएकोमा १० प्रतिशत स्थानीय प्रोत्साहन भत्ता नपाउने गरी देहाय अनुसार मासिक थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

क) ईन्जिनियर श्री विकम दाहाल रु ८०००।-

ख) अ अ.स.ई श्री तारा कुमार गिरी रु ५०००।-

ग) खा.पा.स.टे. श्री दामोदर बराल रु ५०००।-

**प्रस्ताव नं.३.वायो ग्यास लागत सहभागिता सम्वन्धमा**

निर्णय- प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिकामा क्षेत्र भित्रका विपन्न घरधुरी लाई लक्षित गरि वायोग्यास प्लान्ट जडान गर्नका लागि नेपाल सरकारबाट प्राप्त ससर्त अनुदान रु ४,२०,०००।-बाट ४१ परिवारलाई रु १२०००।-का दरले अनुदान दिंदा कमि हुन आउने रकम रु ७२०००।- मध्ये सुधारिएको चुलो वायोमास प्रविधि जडानबाट रु ३०,०००।- र नीतिगत प्रशासनिक तथा व्यवस्थापन खर्च बाट रु ४२०००।- खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४. लेखा परिक्षण प्रतिबेदन सम्बन्धमा**

निर्णय :महालेखा परिक्षकको कार्यालय डोरमुकाम झापाको च.नं. १२६,मिति २०७५।११।०६ को (अछापे) पत्र मार्फत यस गाउँपालिकाको गत आ.व. २०७४/०७५ को अन्तिम ले.प. को प्रारम्भिक प्रतिवेदन प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्रमा उल्लेख भए अनुसार कार्यालयको तर्फबाट तपसिल अनुसारको निर्णय गरी सम्परिक्षणका लागि जवाफ लेखि पठाउने निर्णय गरियो ।

क) **बेरुजु दफा नं. १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४,१५,१६,१७,१८,२२,२३,२४,२५,२६,२७,२८,३०,३१, ३२,३३,३५,३९,४०,४१,४३,४४,४६,४७,४८,४९,५०,५१,५२,५३,५४,५९,६०,६१,६२,६३,६४,६५,६६ र ६७** को हकमा कार्यालयका तर्फबाट आगामी दिनमा महालेखा परिक्षकको कार्यालयबाट प्राप्त सुझावहरु क्रमस: कार्यान्वयन गर्दै जाने र सो कुरामा जनप्रतिनीधिहरु र कर्मचारीहरु संवेदनशील भई अगाडी बढ्ने निर्णय गरियो ।

ख) **बेरुजु दफा नं. १९,२०,२९,३४,३६,३७,३८,४२,५५,५६,५७ र ५८** को हकमा कार्यालयसँग भएका आधार, प्रमाण कागजात आदी जुटाई सम्परिक्षणका लागि पेश गर्ने र प्रमाण नपुगेको हकमा प्रमाण संकलन गरी महालेखा परिक्षकको कार्यालय समक्ष पेश गरी लगत कट्टा गराउने निर्णय गरियो ।

Scanned by CamScanner

ग) **बेरुजु दफा नं. २१ पदाधिकारी सुविधाको** सन्दर्भमा १ नं प्रदेशसभाले मिति २०७५।०२।१३ मा गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा बनेको ऐन २०७५ पारित भई लागू भएको छ तर एक आर्थिक बर्षसम्म गाउँसभाले पारित गरी भुक्तानी दिएको सुविधाको रकम आ.व. को अन्तमा ऐन पारित भई आ.व. को शुरु देखी लागू हुने भन्ने उल्लेख भएकोले सो ऐनको परिपालना गर्न कठिनाई भएको र गाउँपालिकाको आन्तरिक आम्दानीवाट गाउँसभाले पारित गरेको दररेटमा आधारित भई प्रदेशसभा बाट ऐन पारित हुनुभन्दा अगाडी २०७५।०२।१२ सम्मको हकमा गाउँसभाले पारित गरे अनुसार नै कायम हुने गरी र ऐन पारित भए पछिको हकमा प्रदेश कानुन बिपरित नहुने गरी प्रदेश सभाबाट ऐन पारित भएको मिति भन्दा अगाडी भुक्तानी भएको रकम गाउँसभाको निर्णय अनुसार हुनेगरी र ऐन पारित भए पश्चात प्रदेश कानुनले तोकिदिएको भन्दा बढी भुक्तानी भएको रकम फिर्ता गर्ने गरी कायम गरिदिनु हुन महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ) **बेरुजु दफा नं. ४५** को हकमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत डोलिडार मार्फत दामा खोलामा पुल निर्माणका लागि आ.व. को अन्तमा प्राप्त भएको र उक्त आ.व. भित्रै कार्य सम्पन्न हुन नसक्ने भई गा.पा. को संचित कोषमा मौज्दातमा राखिएकोमा चालु आ.व. मा सो पुलको निर्माणका लागि DPR, soil Test लगायतका प्रारम्भिक कार्यहरु गराई प्रतिवेदन समेत प्राप्त भई निर्माण कार्यको सुरुवात भईसकेको साथै यस गाउँपालिकाको चौथो गाउँसभावाट समेत सोही अनुसारको निर्णय भएको, अत्यावस्यक स्थानमा पुल निर्माणका लागि प्राप्त भएको र पुल निर्माणका लागि स्थानीय बासीहरुको समेत उच्च दबाब भएको हुनाले सो वजेटको ल.ई. अनुसारको कार्य चालु आ.व. भित्रै सम्पन्न गरिसक्ने गरि प्रतिबद्धता जाहेर गर्ने र उक्त रकम फिर्ता गर्नु नपर्ने व्यवस्थाका लागि म.ले.प. को कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । साथै सो रकम फिर्ता गर्नु नपर्ने र चालु आ.व. मा उक्त वजेट खर्च गर्न सकिने गरी अन्तिम प्रतिवेदनमा सोही व्यहोरा जनाई कायम गरि दिनु हुन अनुरोध गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव न ५ अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

निर्णय : प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बुद्धशान्ति गाउँपालिका अन्तरगत न्यायिक समितिमा पर्ने मुद्दाहरुमा प्रहरी प्रशासन मार्फत प्रतिवादी झिकाउनु पर्ने अवस्थामा प्रहरी परिचालन गरी प्रतिवादी झिकाउन न्यायिक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner